नगर सभाको चौधौं अधिवेशनको पहिलो बैठकमा पेश भएको

# उर्लाबारी नगरपालिकाको

## आर्थिक वर्ष २०८२।०८३ को

## नीति तथा कार्यक्रम

*मिति २०८२ साल जेठ २ गते शुक्रबार*

## चालु आ.व. को नीति तथा कार्यक्रमको समिक्षाः

**भौतिक पूर्वाधार तर्फः** चालू आ.व.मा सडक कालोपत्रे सम्बन्धी कार्य समयमै शुरु गरि सम्पन्न समेत गरिएको छ । नगर क्षेत्र भित्र २.३ कि.मी. सडक कालोपत्रे सडक मर्मत सम्पन्न गरिएको छ। यसका साथै शिव मार्ग कालोपत्रे वडा नं. ८, ईलाका प्रशासन कार्यालय, चन्दने तथा वडा नं. २ को कार्यालय जाने सडक कालोपत्रे, खानेपानी मार्ग कालोपत्रे वडा नं. ६ सम्पन्न भई सकेको छ भने बक्राहा कोरिडोर र नगर प्रमुख कृषि सडक निर्माणको कार्य उपभोक्ता समिति मार्फत् अगाडी बढेको छ। समपुरक अनुदानबाट कार्यान्वयनमा रहेको फत्तेटोल मिक्लाजुङ सडक, लामाटोल सडक तथा ड्रेन निर्माण अन्तिम सचरणमा पुगेको छ। यसका साथै उर्लाबारी ५ मा पुष्पनगरी सौन्दर्यीकरण र वडा नं. ४ को कार्यालय भवनका लागि विस्तृत परियोजना प्रतिवेदन तयार गरि बहुवर्षीय आयोजनाको रुपमा निर्माण कार्य अगाडी बढेको छ। नगर गौरवको आयोजनाको रुपमा रहेको बक्राहा विष्णु गंगा घाट निर्माणले गति लिएको छ। उज्यालो उर्लाबारी कार्यक्रम तर्फ ६९ टोल विकास संस्था तथा उपभोक्ता समिति आवद्ध भई रात्रीको समयमा उर्लाबारी उज्यालो हुँदै गएको छ । शान्ति सुरक्षालाई प्रविधि मैत्री बनाउँदै चालू आ.व.को विनियोजित बजेट अनुसारको CCTV क्यामेरा जडान कार्य सम्पन्न भएको छ। सडक निर्माण तर्फ सबभन्दा ठुलो परियोजनाको रुपमा रहेको सुनझोडा, कृष्णचोक सामुदायिक वन सडक निर्माणको कार्य तिव्र गतिमा भईरहेको छ। नगर विकास कोषसंग ऋण सम्झौता भई बसपार्क निर्माणको कार्यको ठेक्का प्रकृया अगाडी बढेको छ। वडा तर्फ संचालित पूर्वाधार विकास तर्फ संचालित आयोजना मध्ये २९ आयोजनाको मात्र कार्यन्वयन बांकी रहेको छ भने अधिकांश सम्पन्न भएको छ। भौतिक पूर्वाधार विकासमा गुणस्तर सुनिश्चित गर्न विभिन्न तहको अनुगमन तथा प्रयोगशाला परीक्षण अनिवार्य गरिएको छ। पूर्वाधार विकास तर्फ विनियोजित कुल बजेट मध्ये ४२% वित्तीय प्रगति भएको छ।

**कृषि विकास तर्फः** विभिन्न वडामा मकैको बिउ, तरकारीको बिउ वितरण कार्यक्रम सम्पन्न गरिएको छ। कृषि सामग्रीको रुपमा च्यापकटर, मकै छोडाउने तथा रोप्ने मेशिन, तराजु, स्प्रे, प्लाष्टिक मल्चिङ्ग लगायतका सामग्री अनुदानमा वितरण गरिएको छ। सिंचाई सुविधा विस्तारका लागि विभिन्न वडामा मोटर बोरिङ्ग गरिएको छ। तुलनात्मक लाभको क्षेत्रको रुपमा रहेको मौरीपालनलाई प्रवर्धन गरिएको छ। बगर खेती कार्यक्रम तर्फ खरभुजा उत्पादनबाट किसानहरु लाभान्वित भएका छन्। माटो सुधारका लागि माटो परिक्षण, ३३६ टन कृषि चुन तथा प्राङ्गारिक मल वितरण कार्य गरिएको छ। संघीय सशर्त कार्यक्रम अन्तर्गत चैते धान प्रवर्धन कार्यक्रम सम्पन्न

गरिएको छ । किसान सुचीकरण कार्य अन्तिम चरणमा पुगेको छ । रासायनिक मल वितरणलाई संघीय निकायको समन्वयमा सहजीकरणको प्रयास गरिएको छ ।

पशुपंक्षी विकास तर्फः विभिन्न वडामा सुंगुर तथा बाख्राका पाठा पाठी वितरण कार्य अगाडी बढेको छ भने सामुदायिक कुकुर बन्ध्याकरण कार्य सम्पन्न भएको छ । मत्स्य पालन प्रवर्धन गर्न जाल वितरण गरिएको छ । पशु खोप कार्यक्रमलाई प्राथमिकताका साथ अगाडी बढाईएको छ भने विभिन्न वडामा समेत खोप भण्डारणका लागि रेफ्रिजेरेटर व्यवस्थापन गरिएको छ । कृत्रिम गर्भाधान कार्य निरन्तर संचालनमा रहेको छ ।

सहकारी तथा व्यवसाय, बजार व्यवस्थापन तर्फः यस नगरपालिकामा संचालित सहकारी संस्थाका पदाधिकारी तथा कर्मचारीलाई क्षमता विकास तालिम प्रदान गरिनुको साथै सघन अनुगमन सम्पन्न गरिएको छ । उद्यमशीलता विकासका लागि लक्षित वर्गका लागि विभिन्न तालीमहरु सिलाइ, ढाका बुनाई, बारिस्ता, ड्राईभिङ्ग, ल्क्विड सर्फ, ब्युटी पार्लर, अचार, जुत्ता बनाउने तालीमका साथै, मेड्पा तथा रेमि कार्यक्रम तर्फ उद्यमशीलता तालीम दिनुका साथै प्रविधि समेत हस्तान्तरण गरिएको छ ।  वाणिज्य कार्यको समन्वयमा बजार अनुगमनलाई तिव्रता दीएको छ ।

**शिक्षा तर्फः** प्राप्त विशेष अनुदानबाट १३ वटा विद्यालयको टिनको छाना फेरिएको छ भने ६ वटा विद्यालयको अधुरो भवन र शौचालय निर्माणको कार्य अन्तिम चरणमा पुगेको छ । विद्यालयको आवश्यकताका आधारमा घेराबार निर्माण, आई.सि.टी सामग्री, फर्निचर, खानेपानी पूर्वाधार निर्माण गरिंदै छ । दिवा खाजा, छात्रवृति तथा निशुल्क पाठ्यपुस्तक वितरणलाई नियमित गरिएको छ । यसै अवधीमा कक्षा ८ र १० को साथै अन्य कक्षाको वार्षिक परीक्षा सम्पन्न गरिएको छ भने परीक्षाको नतिजा सुधारात्मक देखिएको छ । संस्थागत विद्यालयलाई करको दायरामा ल्याईएको छ भने अनुमति बेगर संचालित विद्यालयको नियमन गरिएको छ । विद्यालयमा सि.सि.टि.भि क्यामेरा जडानलाई प्राथमिकता दिनुको साथै विद्युतिय हाजिरीलाई अनिवार्य गरिएको छ ।  शिक्षकको थप व्यवस्थापनका लागि वडा तथा संघीय कार्यक्रम मार्फत् वैकल्पिक व्यवस्थापन गरिएको छ । सुनपकुवा मा.वि.मा स्काउट कार्यक्रम संचालन गरिएको छ ।

**युवा तथा खेलकुद तर्फः** खेलकुद पूर्वाधार तर्फ प्रमुख रुपमा सालबारी खेलमैदानको घेराबार तथा प्लेयर बक्स निर्माणको कार्य सम्पन्न भएको छ । मेयरकप फुटबल प्रतियोगिता साथै १५ भन्दा बढी

खेलकुदका ईभेन्टहरु युवा तथा खेलकुद कल्ब मार्फत् संचालन गरिनुको साथै खेल सामग्री समेत वितरण गरिएको छ। युवाहरुलाई विभिन्न तालीम तथा प्रशिक्षण कार्यक्रमहरुमा विशेष प्रथमिकता दिईएको छ।

**जनस्वास्थ्य तर्फः** विभिन्न वडामा योग शिविर संचालन तथा सुत्केरी पोषण कार्यक्रम समपन्न गरिएको छ। १८४३ विपन्न परिवार स्वास्थ्य बीमा कार्यक्रमबाट लाभान्वित भएका छन्। नेपाल रेडक्रस सोसाईटीको साझेदारीमा सर्पदंश उपचार कार्यक्रम संचालनमा रहेको छ। स्वास्थ्य संस्थामा मधुमेह तथा रक्तचापमा उपयोग हुने औषधी सहित अत्यावश्यक औषधी आपूर्ति गरिएको छ। यसका साथै वडा नं. ९ मा नयाँ भवनबाट आधारभुत स्वास्थ्य केन्द्रले सेवा प्रवाह शुरु गरेको छ। चालू आ.व.मा समेत यस नगरपालिकामा पूर्ण खोप सुनिश्चित गरिएको छ भने पोषणमैत्री स्वास्थ्य संस्था सुनिश्चित गरिएको छ। खोप। मातृ शिशु स्वास्थ्य, परिवार योजना, क्षयरोग तथा कुष्ठरोग नियन्त्रण लगायतका जनस्वास्थ्य कार्यक्रमको सूचकहरुमा उल्लेखनीय प्रगति हासिल गरिएको छ। महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई जनस्वास्थ्यका विभिन्न अभियानमा प्रभावकारी परिचालन गरिनुका साथै प्रोत्साहन स्वरुप यातायात सुविधा उपलब्ध गराईएको छ। महिलाहरुमा पाठेघरको क्यान्सर रोकथाम गर्न विद्यालयका छात्राहरुलाई HPV खोप प्रदान गरिएको छ। मृगौला प्रत्यारोपण गराएका, डायलाईसिस गराईरहेका, क्यान्सर रोगी तथा मेरुदण्ड पक्षाघातका विरामीहरुका लागि औषधी उपचारका लागि १३७ जना भन्दा बढीलाई मासिक रु ५००० उपलब्ध गराउनुका साथै ४७ जना विपन्न नागरिकहरुका लागि उपचार सहायता प्रदान गरिएको छ। एम्बुलेन्स तथा शववाहन सेवालाई थप प्रभावकारी बनाईएको छ।

**लैंगिक समानता तथा सामाजिक समावेशीकरण (महिला, बालबालिका, जेष्ठ नागरिक) तर्फ** वडा नं. २, ७ र ८ मा बालमैत्री वडा घोषणा कार्यक्रम अन्तिम चरणम पुगेको छ। महिलालाई विभिन्न सीपमूलक तालीमका साथै टेवापूँजी प्रदान गरिएको छ। प्रदेश सरकारको साझेदारीमा सीमान्तीकृत महिलाहरुको आत्मनिर्भर कार्यक्रम अन्तर्गत महिला उद्यमी मार्फत् स्यानिटरी प्याड उत्पादन गरिएको छ। लैंगिक हिंसा न्यूनीकरणका लागि विभिन्न सचेतामूलक कार्यक्रम संचालन गरिनुका साथै पुरुष संजाल गठन हुने क्रममा छ। अपाङ्गता भएका व्यक्तिहरुको सर्वोत्तम हितका लागि परिचय पत्र वितरण नियमित रुपमा गरिनुका साथै मिलीजुली समूहलाई आवश्यक सहयोग गरिएको छ र अपाङ्गमैत्री भवन निर्माण गरि हस्तान्तरणको प्रकृयामा रहेको छ । सेवाग्राहीको रुपमा आउने आमाहरुको सहजताका लागि नगर कार्यपालिकाको कार्यालय तथा मातहतका कार्यालयहरुमा स्तनपान कक्षको व्यवस्थापन गरिएको छ।

वन, वातावरण तथा विपद् तर्फः सामुदायिक वनसंग साझेदारी गरि बेतिनी, सालबारी तथा सुनझोडा सामुदायिक वनमा पर्यटन पूर्वाधार निर्माण गरिएको छ। बाढीबाट हुने जोखिम न्यूनीकरणका लागि सिरुझार र सन्ठीखाडीमा कल्भर्ट निर्माण अन्तिम चरणमा पुगेको छ।

**रोजगार सेवा केन्द्र तर्फः** रोजगार सेवा केन्द्र मार्फत् १०० जना भन्दा बढी बेरोजगारलाई रोजगारी प्रदान गरिएको भने वैदेशिक रोजगारलाई मर्यादित र सुरक्षित बनाउन सामी कार्यक्रम र वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुको पुन: एकीकरणका लागि रेमी कार्यक्रम संचालित छ।

यसका अतिरिक्त यस नगर कार्यपालिकाको कार्यालय र मातहतका कार्यालयहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्पन्न गरि दरबन्दी निर्धारण गरिएको छ। करार सेवा अन्तर्गत कार्यरत कर्मचारीको समाजिक सुरक्षा सुनिश्चित गर्न सामाजिक सुरक्षा कोषमा आबद्ध गरिएको छ। विपन्न नागरिकहरुको समेत आवासको हक सुनिश्चित गर्न हाल सम्म १० परिवारका लागि घर निर्माण सम्पन्न गरिएको छ। सामाजिक सुरक्षा भत्ता समयमै वितरण गरिएको छ।

## वित्तीय प्रगतिको साराँशः

**आय तर्फः**

| सि.नं. | श्रोत | अनुमान | प्राप्ति | प्रतिशत |
|---|---|---|---|---|
| १. | संघीय सरकार | ६६,६९,२६,५०० | ५२,६१,५०,४६० | ७९ |
| १.१ | समानीकरण अनुदान | १६,२१,००,००० | ११,५२,२०,६८०.०० | ७१.०८ |
| १.१ | शसर्त अनुदान चालु | २५,८७,२६,५००.०० | २४,८६,३४,५४०.०० | ९६.१ |
| १.२ | शसर्त अनुदान पुँजीगत | २०,११,००,०००.०० | १५,१७,९५,२४०.०० | ७५.४८ |
| १.३ | विषेश अनुदान पुँजीगत | ३,००,००,०००.०० | ७५,००,०००.०० | २५ |
| १.४ | समपुरक अनुदान पुँजीगत | १,५०,००,०००.०० | ३०,००,०००.०० | २० |
| २ | प्रदेश सरकार | ४,३८,५६,०००.०० | २,७८,९३,५८०.०० | ६३.६ |
| २.१ | समानिकरण अनुदान | १,०३,१८,०००.०० | ७७,३८,५००.०० | ७५ |
| २.२ | शसर्त अनुदान चालु | ३१,३८,०००.०० | २०,७१,०८०.०० | ६६ |
| २.३ | शसर्त अनुदान पुँजीगत | १,७४,००,०००.०० | ९५,०४,०००.०० | ५४.६२ |
| २.४ | समपुरक अनुदान पुँजीगत | १,३०,००,०००.०० | ८५,८०,०००.०० | ६६ |
| ३ | राजस्व बाडफाड | १८,१६,४५,०००.०० | १०,४५,१७,८९१.५४ | ५७.५४ |
| ३.१ | घरजग्गा रजिष्ट्रेशन दस्तुर | २,५०,००,०००.०० | २,४१,७२,५३७.०० | ९६.६९ |

| | | | | |
|---|---|---|---|---|
| ३.२ | बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ८,६४,०४,६८६.०० | ५,००,४७,५०५.१६ | ५७.९२ |
| ३.३ | बाँडफाँड भई प्राप्त हुने अन्तशुल्क: | ३,१३,९५,३१४.०० | २,२४,०६,३३९.७३ | ७१.३७ |
| ३.४ | बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | ९७,७५,०००.०० | ७२,७६,५२२.०५ | ७४.४४ |
| ३.५ | बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | ३,७०,०००.०० | ०.०० | ० |
| ३.६ | बाँडफाँड भई प्राप्त वन रोयल्टी | ३७,००,०००.०० | ६,१४,९८७.६० | १६.६२ |
| ३.७ | बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | २,५०,००,०००.०० | ०.०० | ० |
| ४ | आन्तरिक श्रोत | २०,७५,५८,०९६.०० | १६,०५,५३,९६८.३६ | ७७.३४ |
| ५ | जनसहभागिता | १,९०,००,०००.०० | ३७,८८,७९९.९९ | १९.९४ |
| | जम्मा | १,११,८९,८५,५९६.०० | ८२,२९,०४,६९९.८९ | ७३.५४ |

**व्यय तर्फ**

| सि.नं. | वजेटका क्षेत्र | कुल | हाल सम्मको खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ४,३७,३२,३३२.०० | १,२६,१८,४८२.७६ | २८.८५ |
| २ | सामाजिक विकास | ३०,८८,१०,६३५.०० | १८,१७,६८,२१३.८५ | ५८.८६ |
| ३ | पूर्वाधार विकास | ५६,०३,८३,५३८.०० | २३,०२,३४,२९४.७५ | ४१.०९ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित | २,४५,४३,६१२.०० | ६९,९४,११६.८० | २८.५ |
| ५ | कार्यालय सञ्चालन तथा | १६,६५,१५,४७९.०० | ९,४८,५२,४९५.४१ | ५६.९६ |
| | चालू खर्च | ५१,९२,७९,४४३.०० | २९,२६,३०,३९२.०९ | ५६.३५ |
| | पूँजीगत खर्च | ५९,९७,०६,१५३.०० | २३,६८,३७,२११.४८ | ३९.४९ |
| | कुल जम्मा | १,११,८९,८५,५९६.०० | ५२,९४,६७,६०३.५७ | ४७.३१ |

आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम तर्जुमा गर्दा देहायका कानूनी आधारहरु अवलम्बन गरिएको छः

- नेपालको संविधान तथा यसमा व्यक्त गरिएका राज्यको उद्देश्य, राष्ट्रिय नीति, मौलिक हक तथा निर्देशक सिद्धान्त
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४

- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- स्थानीय तहको बजेट तर्जुमा दिग्दर्शन, २०७८
- संघीय र प्रदेश सरकारले जारी गरेका नीति, कानून तथा मापदण्डहरु
- संघीय तथा प्रादेशिक आवधिक विकास योजना
- उर्लाबारी नगरपालिकाकोआवधिक योजना तथा मध्यमकालीन खर्च संरचना
- नगरपालिकाको आन्तरिक स्रोत साधन तथा अन्तर सरकारी वित्त हस्तान्तरण मार्फत् प्राप्त हुने श्रोत
- नगरपालिकाको वार्षिक नीति, कार्यक्रम तथा बजेटबाट प्राप्त उपलब्धी तथा विगतका विकास प्रयासको समीक्षा
- जनअपेक्षा तथा आवश्यकता
- विकासका अन्तरसम्बन्धित बिषयहरुः गरिबी निवारण, विपद व्यवस्थापन, जलवायु परिवर्तन, लैंगिक विकास, सामाजिक समावेशीकरण
- नेपाल सरकारले अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिबद्धताबाट सिर्जित दायित्वहरु

"स्वच्छ, समृद्ध र समतामूलक उर्लाबारी" को सोच लिई आगामी वर्षको नीति तथा कार्यक्रमको प्राथमिकताका क्षेत्र देहाय बमोजिम निर्धारण गरिएको छ:

- आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने,
- उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,
- जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने,
- स्थानीय पूर्वाधार विकास,
- स्थानीय सहभागिता जुट्ने, स्वयम् सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने,
- स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने,
- महिला, बालवालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,
- लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिबृद्धि हुने,
- दीगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुर्याउने,
- प्राकृतिक श्रोतको दिगो उपयोग तथा विपद् व्यवस्थापन,
- भाषिक तथा साँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुर्याउने,
- विगतका सफल प्रयास तथा अभ्यासलाई निरन्तरता दिईने।

**प्रमुख रणनीतिहरुः**

१. प्राथमिकता तथा आवश्यकताका आधारमा नीति तथा नीति अनुरुप आय व्ययको अनुमान तयार गरिने।
२. स्थानीय नीति तथा कार्यक्रमलाई राष्ट्रिय तथा प्रादेशिक नीति संग आवद्ध गरिनेछ।
३. वित्तीय संघीयता तथा स्थानीय वित्तीय स्वायत्तालाई प्रवर्धन गर्न आन्तरिक परिचालन थप प्रभावकारी बनाईने।
४. बजेटको विश्वसनीयता तथा प्रभावकारिता बढाउन श्रोत अनुमानलाई वास्तविक बनाउनुका साथै बजेटमा संरचनात्मक सुधार गरिने।
५. चालू खर्चलाई वाञ्छित सीमा भित्र राख्दै चालू तथा पूँजीगत खर्चलाई सन्तुलन गरिनेछ।
६. लाभ लागत विश्लेषण तथा वास्तविक आवश्यकताका आधारमा पूर्वाधार आयोजना छनौट गरिने।
७. कार्यक्रम तथा आयोजना छनौटमा दोहोरोपना तथा खाडल हटाईने तथा अधुरा आयोजना सम्पन्न गरिने।
८. आयोजना तथा कार्यक्रम कार्यान्वयनलाई समयाबद्ध गरिने।
९. विकास आयोजना कार्यान्वयनमा लाभग्राही तथा सरोकारवाला पक्षको साझेदारीलाई जोड दिईने।
१०. विकास प्रयासमा दिगो विकास लक्ष्यलाई आन्तरिकीकरण गरिने।
११. क्षेत्रगत तथा विषयगत सन्तुलन कायम गरिने।
१२. सार्वजनिक खर्चमा मीतव्ययीता अपनाईने तथा वित्तीय अनुशासन कार्म गरिने।
१३. अनुगमन तथा मूल्याङ्कनलाई सूचकमा आधारित र वस्तुनिष्ठ बनाईने।

# आगामी आ.व २०८२।०८२ का लागि विषय क्षेत्रगत नीति तथा कार्यक्रमः

## १. आर्थिक विकास नीति

### उपक्षेत्र १ कृषि तथा खाद्य सुरक्षा

१. बाली विकास: अन्न, तरकारी, फलफूल, मसला, नगदे बालीको उत्पादन क्षेत्र विस्तार र उत्पादकत्व वृद्धि गरिनेछ।

२. कृषक परिवारलाई उत्पादनशील कृषि सहकारीमा आबद्ध गरिनेछ।

३. क्षेत्रगत रुपमा उपयुक्त स्थानमा कृषि संकलन तथा बिक्री केन्द्र स्थापना गरिदै लगिनेछ।

४. निश्चित मापदण्डका आधारमा व्यवसायिक कृषकलाई पर्सनल प्रोटेक्टिभ इक्युपमेन्ट (पि.पि.इ.) वितरण गरिनेछ।

५. कृषकको रोजाइका आधारमा कृषि प्रसार कार्यक्रम सञ्चालन गरिनेछ।

६. यस नगरपालिकाको कृषि शाखा अन्तर्गत एकीकृत कृषि प्रयोगशाला स्थापना गरिनेछ।

७. जैविक विधिबाट आकस्मिक बाली संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ।

८. बगरखेती विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ।

९. सयपत्री तथा कट फ्लावर खेती विस्तार कार्यक्रमलाई निरन्तरता दिईनेछ।

१०. प्रदेश सरकारको समन्वयमा अन्न बिउ भण्डारण गृह निर्माण सहायता कार्यक्रम सञ्चालन गरिनेछ।

११. एकीकृत कृषि व्यवस्थापन सूचना प्रणालीको विकास र व्यवस्थापन गरिनेछ।

१२. कृषि उत्पादन तथा प्रविधि प्रदर्शनी सञ्चालन गरिनेछ।

१३. व्यवसायिक तरकारी खेतिलाई प्रोत्साहन र कृषकलाई सम्मान गरिनेछ।

१४. कृषि बजार व्यवस्थापन गर्न पूर्वाधार निर्माण गरिनुको साथै साप्ताहिक हाटबजार व्यवस्थित गरिनेछ।

१५. **महामारी व्यवस्थापन: "कृषिमा हुने महामारीः स्थानीय सरकारको जिम्मेवारी"** कार्यक्रम संचालन गरिनेछ।

१६. किसानको वास्तविक समस्या पहिचान तथा समस्याको कारण पहिचान गरी निवारण गर्न एवं प्रत्येक वडामा किसान संग प्रत्यक्ष अन्तरकृया गर्न **"किसान संग स्थानीय सरकार कार्यक्रम"** सञ्चालन गरिनेछ।

१७. कृषि प्रविधिमा सुधार गर्न स्थानीय स्तरमा कृषि औजार उत्पादन तथा प्रयोगलाई प्रोत्साहन गरि यान्त्रिकीकरण प्रवर्धन गरिनेछ।

१८. तुलनात्मक लाभका उत्पादन जस्तै:मौरी पालनलाई प्राथमिकता दिईनेछ।

१९. कृषि उत्पादनको भण्डारण प्रभावकारी बनाउन क्षेत्रगत रुपमा कोल्ड रुम निर्माण र संचालन गरिनेछ।

२०. व्यवसायिक कृषि प्रवर्धन तथा कृषक समुह, फर्म तथा समितिहरुको क्षमता विकास र परिचालन

२१. गरिब, विपन्न, दलित र विदेशबाट फर्किआएका तथा सीमित अपांगता भएका व्यक्तिहरूलाई कृषि मार्फत स्वरोजगार बनाउन कार्यक्रम संचालन गरिनेछ।

२२. कृषि बीमा कार्यक्रमको पहुँच विस्तार गर्न सचेतना कार्यक्रम संचालन गरिनेछ।

२३. पोस्ट हार्भेस्ट, प्रशोधन र मूल्य श्रृंखलालाई प्रवर्धन गर्दै लगिनेछ।

२४. माटो सुधारका लागि कृषि चुन, प्रांगारिक खेती, गड्यौली मल तथा प्रांगारिक मल प्रयोगलाई प्रोत्साहन गरिनेछ।

२५.प्रांगारिक मलको व्यवसायिक उत्पादनका लागि सामुदायिक वन, कृषि सहकारी संस्था तथा कृषक समूह संग सहकार्य गरिनेछ ।

२६.**कृषि तथा पशुपंक्षी पाठशाला** संचालन गर्न खेत खेतमा कृषि प्राविधिक सेवा र गोठ गोठमा पशु प्राविधिक सेवा प्रभावकारी बनाईनेछ ।

२७.कृषि पेशालाई मर्यादित बनाउन कृषकहरुलाई सम्मान र प्रोत्साहन गरिनेछ ।

२८.किसान सुचिकरण कार्यलाई सम्पन्न गरिनेछ ।

२९.कृषि अनुदान कार्यक्रमको पुनर्संरचना गरि उत्पादनमा आधारित बनाईनेछ ।

३०.कृषि कार्यक्रमको उपलब्धी मुल्याङ्कन गरिनेछ ।

३१.कृषि क्षेत्रमा पूँजी परिचालन बढाउन बैंक तथा वित्तीय संस्था र सहकारी संस्थासंग सहकार्य गरिनेछ ।

## उपक्षेत्र २ सिंचाई

३२.जरुवा तथा बाह्रौं महिना बहने पानीको श्रोतलाई मुल पैनी हुदै शाखा पैनीमा विस्तार गरिनेछ ।

३३.पक्की सिंचाई पूर्वाधारको निर्माण गरिनेछ । यसका लागि संघ तथा प्रदेश सरकार संग समन्वय गरिनेछ ।

३४.सुख्खाग्रस्त क्षेत्रमा मोटर बोरिङ र सतह सिंचाईको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

## उपक्षेत्र ३ पशुपंक्षी विकास

३५.प्राविधिक सेवा, पशु स्वास्थ्य उपचार सेवा र प्रयोगशाला सेवालाई निरन्तरता दिइनेछ ।

३६.पशुपन्छिहरुमा लाग्ने संक्रामक माहामारी रोगहरु विरुद्ध निशुल्क नियमित खोप कार्यक्रमहरु संचालन गरिनेछ । (विज आदि ।रे/स्वाइन फिबर/पि पि आर/खोरेत)

३७.पशुजन्य उत्पादनमा लागत कम गर्न घाँसमा आधारित पशुपालनलाई प्रोत्साहन गर्दै लागत साझेदारीमा पशु आहारा विकास बिउ बितरण कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

३८.विशेषज्ञ सहितको पशु स्वास्थ्य शिबिर/ घुम्ति शिविरसामुदायिक कुकुर /बाट हुने जोखिम कम गर्न सामुदायिक कुकुर बन्ध्याकरण शिविर सञ्चालन गरिनेछ ।

३९.व्यवसायिक फर्म समुह, समिति, सहकारीसस्थाहरुसंग सहकार्य साझेदारी/कार्यक्रम सञ्चालनलाई निरन्तरता दिइनेछ ।

४०.सचेतना तथा कृषकहरुको व्यवसायिक क्षमता विकासका लागी तालिमहरु सञ्चालन गरिनेछ ।

४१.पशुजन्य उत्पादनमा आत्मनिर्भर बनाउन व्यसायिक प्रोत्साहन तथा प्रबर्धन कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

४२.वडामा सञ्चालनामा रहेका सेवा केन्द्रको व्यवस्थापन र पूर्वाधार विकास गर्दै लगिनेछ ।

४३. गाई भैसीमा सुत्केरी स्याहार सहयोग कार्यक्रम सञ्चालन गरिनेछ ।

४४.नश्ल सुधार र कृत्रिम गर्भाधानको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

४५.पशु बधशाला व्यवस्थापन गर्न मापदण्ड निर्माण, सूचीकरण, पूर्वाधार निर्माण, अनुगमन गरिनेछ ।

४६.पशु बीमा कार्यक्रमको दायरा फराकिलो बनाउन सचेतना कार्यक्रम संचालन गरिनेछ ।

४७.मत्स्य व्यवसाय प्रवर्धन कार्यक्रम संचालन गरिनेछ ।

४८.पशुपन्छी सेवा शाखालाई भेटरिनरी अस्पतालको रुपमा विकास गरिनेछ ।

## उपक्षेत्र ४ उद्योग तथा व्यापार

४९.स्थानीय कच्चा पदार्थ, सीप, श्रोत र साधनको प्रयोग हुने र समुहबाट संचालन हुने, घरेलु तथा साना उद्योगहरुको संचालन र विस्तारमा आवश्यक अनुदान र प्रोत्साहनको व्यवस्था गरी सवै व्यवसायलाई करको दायरामा ल्याउन अभियान संचालन गर्ने नीति लिइनेछ ।

५०.महिला तथा अपाङ्गता भएका व्यक्तिहरूद्वारा संचालित साना तथा घरेलु उद्योगहरूलाई विशेष प्राथमिकतामा राखी कर सहुलियत, अनुदान तथा प्रविधि सहयोग गरी प्रोत्साहित गरिनेछ ।

५१.सीप विकास तालीमलाई बजारको आवश्यकतामा आधारित बनाईने छ । एक व्यक्ति एक तालिम, आधारभुत तालीम लिएकालाई एडभान्स तालिम, तालिम लिएका स्वरोजगार भएकालाई पुँजी तथा प्रविधी सहयोग गरिनेछ । सीप विकास तालीममा महिला, सीमित अपाङ्गता भएका व्यक्ति, वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिलाई प्राथमिकता दिईनेछ ।

५२.नगरपालिका भित्र स्थानीय व्यक्तिहरुलाई रोजगारी दिने उद्योगलाई निश्चित मापदण्डका आधारमा सहुलियत ऋण, अनुदानका लागि आवश्यक सहजीकरण गरिनेछ ।

५३.स्थानीय स्तरमा उत्पादित वस्तुको बजारिकरणका लागि ठुला व्यवसायी, उद्योग वाणिज्य संघ तथा अन्तर स्थानीय तह समन्वय गरिनेछ ।

५४.नगरपालिका क्षेत्र भित्र हाटबजार व्यवस्थित गर्न अभिलेखिकरण, व्यवस्थापन समिति गठन, पूर्वाधार निर्माण, जग्गाको दीर्घकालीन व्यवस्थापन गरिनेछ ।

५५.यस नगरपालिका क्षेत्रमा उद्योग कलकारखाना स्थापना गरी संचालन गर्न चाहने व्यक्ति, कम्पनीहरूलाई राजश्व सहुलियत दिनुका साथै व्यवस्थापकीय पक्षमा सहयोग गर्ने नीति लिइने छ ।

५६.बजार असफलता, एकाधिकार, कार्टेलिङ्ग नियन्त्रण, उपभोक्ता अधिकार सुनिश्चित गर्न सचेतना तथा बजार अनुगमन, अनुगमनका संघीय सरकार मातहतका निकाय संग समन्वय गरिनेछ ।

५७.वर्षौं देखि संचालित तर नवीकरण नभएका व्यवसायलाईलाई नियमित गर्न करका माध्यमबाट प्रोत्साहन गरिनेछ ।

## उपक्षेत्र ५ पर्यटन तथा संस्कृति

५८.निर्माणाधिन बक्राहा बिष्णु गंगा धामलाई बजेट विनियोजिनमा निरन्तरता दिइ धार्मिक पर्यटक क्षेत्रको रुपमा निरन्तर विकास गरिदै लगिनेछ ।

५९.मावा कोरिडोर सौन्दर्यीकरण योजना संचालनमा निरन्तरता दिइनेछ ।

६०.ऐतिहासिक महत्व बोकेका आदिवासी जनजाति (धिमाल, दनुवार, माझी, डोम, सन्थाल, आदि) जातको संस्कृतिक संरक्षण गरिनेछ ।

६१.स्थानीय मठ, मन्दिर, देवालय, शिवालय, चर्च, मस्जिद, महाराजथान, गुम्बा र अन्य धार्मिकस्थलहरुको बिकास र संरक्षणमा स्थानीय सामुदायसँग सहकार्य गरिनेछ ।

६२.सामुदायिक वनको साझेदारीमा पर्यटन पूर्वाधार निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

६३.आन्तरिक पर्यटन प्रबर्द्धनमा टेवा पुऱ्याइनेछ ।

६४.बेतिनी सिमसार, लामपाते सिमसार, बुढाठाकुर सिमसार, बाँसेचौरी सिमसार, रातेहोली सिमसार लगायतका सिमसार क्षेत्रको संरक्षण र प्रबद्र्धन गरी पर्यटन प्रबद्र्धनमा जोड दिइनेछ ।

६५.उर्लाबारीका सम्भाव्य पर्यटन क्षेत्रहरूको पहिचान गरी आन्तरिक तथा बाह्य पर्यटकहरूको आकर्षणका लागि आवश्यक पूर्वाधार निर्माण, होमस्टे सञ्चालन लगायत पर्यटनजन्य व्यवसायका लागि, सार्वजनिक निजी

साझेदारीको नीति अवलम्बन गरिने छ। यसका लागि नेपाल पर्यटन बोर्ड, प्रदेश पर्यटन बोर्ड तथा ट्राभल एजेन्सी तथा होटल व्यवसायीसंग समन्वय गरिनेछ।

६६. उर्लाबारीको सिप, सँस्कार, सँस्कृति, रितिरिवाज, परम्परा र विशेष उत्पादनहरूको जानकारी गराउनका साथै आगन्तुकहरूको सहजताका लागि उर्लाबारीका मौलिक उत्पादनहरूको उर्लाबारी कोशेली घरलाई अझ व्यवस्थित गर्दै विस्तार गर्ने नीति अवलम्बन गरिनेछ।

६७. उर्लाबारी नगरपालिकाका विशिष्ट साँस्कृतिक सम्पदाको संरक्षणका लागि उपयुक्त स्थानमा साँस्कृतिक संग्राहलय निर्माणका लागि संघ तथा प्रदेश सरकारसँग समन्वय गरिनेछ।

## उपक्षेत्र ६ भूमि व्यवस्था तथा सहकारी

६८. उर्लाबारी नगरपालिकामा रहेका सहकारीहरुको क्षमता विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ।

६९. सहकारीलाई कृषि, पर्यटन तथा उत्पादनमुखी बनाउने नीति अनुरुप सहकारी संस्थालाई उत्पादन तथा स्वरोजगार कार्यक्रम संचालन गर्न प्रोत्साहित गरिनेछ।

७०. उर्लाबारी नगरपालिकामा संचालनमा रहेका सामाजिक संस्थाहरुको अभिलेख तयार गर्नुका साथै विकास निर्माणको कार्यमा उनीहरुको भुमिका विषयमा छलफल गरि परिचालन गरिने नीति लिइनेछ।

७१. सहकारी ऐन तथा नियमावलीमा भएको व्यवस्था बमोजिम प्रभावकारी नियमनका लागि सहकारी संस्थालाई **COPOMIS** मा आबद्ध गरिनुका साथै एकिकृत अनुगमन प्रणालीको विकास गरिनेछ।

७२. विभिन्न क्षेत्रबाट सिप विकास तालिम प्रदान गरी गठन गरिएका महिला, अपांगता भएका व्यक्तिहरु, वैदेशिक रोजगारबाट फर्किएका, युवा तथा  अन्य समुह/ समितिहरूलाई सहकारीमा आवद्ध हुन प्रोत्सहित गरिनेछ।

७३. कृषि, पशुपन्छी तथा स्थानीय उद्योगको उत्पादन तथा उत्पादकत्व अभिवृद्धि, यान्त्रिकीकरण, आधुनिकीकरण एवं प्रवर्धन गर्न सहकारी क्षेत्रको सहभागिता बढाउन आवश्यक प्रोत्सान गरिनेछ ।

७४. भूउपयोग वर्गिकरणलाई यर्थाथमा आधारित बनाईनेछ ।

७५. भूमी व्यवस्थापनका लागि हालसम्म भए गरेका कृयाकलापहरुलाई व्यवस्थित गर्दै भूमी सम्वन्धी अभिलेखलाई पूर्णरुपमा डिजिटल बनाउन आवश्यक कार्य गरिनेछ ।

७६. सार्वजनिक जग्गाको अभिलेख अध्यावधिक तथा संरक्षण गरिनेछ ।

७७. गैरकानूनी भू-उपयोगलाई निरुत्साहित गरिनेछ ।

७८. **Land Use Plan** लाई सूचना प्रविधिमा आधारित बनाईनेछ ।

७९. अव्यवस्थित बासोबासी, भूमिहीन दलित तथा सुकुम्बासीलाई भूमि समस्या समाधान आयोगको समन्वयमा जग्गा प्राप्तिका लागि सहजीकरण गरिनेछ।

## उपक्षेत्र ७ श्रम तथा रोजगारी

८०. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत वडाका योजनाहरुसँग साझेदारीमा १०० जना वेरोजगार व्यक्तिहरुलाई न्यूनतम १०० दिनको रोजगार कार्यक्रममा सहभागी गराईनेछ।

८१. श्रमको सम्मान राष्ट्रको अभियान रणनीति कार्यान्वयन गर्दै लगिनेछ।

८२. कृषि, शिक्षा, स्वास्थ्य, खानेपानी लगायत आधारभूत आवश्यक्ता साथै पर्यटनमा समेत रोजगारीलाई जोड्ने काम गरिनेछ।

८३.न्यूनतम ३०० जना व्यक्तिलाई सीपमूलक तालिम प्रदान गर्ने नीति लिईनेछ । तालिम संचालनका लागि वैदेशिक रोजगार बोर्ड, हेल्भेटास, सि.टि.ई.भि.टि लगायत संस्थासँग सहकार्य गरिनेछ ।

८४.वैदेशिक अनुभव लिएर स्वदेश फर्किएका युवाले लघु उद्यम गर्न चाहेमा प्राविधिक सहयोग गरिनेछ ।

८५.आप्रवासन प्रकृयाका चरणहरु (प्रस्थान पूर्व, प्रस्थान र पुन एकीकरण) सम्बन्धी कार्यक्रमहरु संचालन गरि वैदेशिक रोजगार प्रकृया सुरक्षित र मर्यादित बनाउन पहल गरिनेछ ।

८६.वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिको ज्ञान, सीप तथा कार्य अनुभव सहितको अभिलेखिकरण र वैदेशिक रोजगारको प्रोफाईल तयार साथै अध्यावधिक गरिनेछ ।

८७.युवाहरुको अन्तरनिहित प्रतिभाको पहिचान गरि रोजगारीमा जोड्ने अवधारणा लिईनेछ ।

८८.वैदेशिक रोजगारबाट फर्कि आएका व्यक्ति तथा परिवारका लागि आर्थिक मनोसामाजिक र परिवार परामर्श गरी पुर्नस्थापनामा पहल गरिनेछ ।

८९.संगठित र असंगठित क्षेत्रका श्रमिकहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आबद्ध गर्न/गराउन पहल गरिनेछ ।

९०.रोजगारदाता र श्रमिकलाई सोझै सम्पर्क स्थापित गर्न नेपाल सरकार, प्रदेश सरकारको श्रम संसार वेब पोर्टलमा आबद्ध हुन सहजिकरण गरिनेछ ।

९१.बालश्रम मुक्त स्थानीय तह बनाउनका लागि बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा व्यक्तित्व विकासका साथौ प्रारम्भिक बाल बिकास तथा बाल सहभागिताको हक प्रत्याभूत गरिनेछ ।

९२.श्रम स्वीकृती तथा पुनः श्रम स्वीकृतीका लागि सरल, शुलभ तथा व्यवस्थित सहजिकरण सेवा प्रदान गर्न रोजगार सेवा केन्द्र सुदृढीकरण गरिनुका साथसाथै वैदेशिक रोजगारीका अवसरहरु प्राप्त गर्न सहजिकरण गर्न व्यवस्था मिलाइनेछ ।

## २.सामाजिक विकास नीति

### उपक्षेत्र १ शिक्षा, भाषा, कला तथा साहित्य

९३.विद्यालयहरूको भौतिक पूर्वाधार सवलीकरण गरी सहज र उपयुक्त शिक्षण सिकाइको वातावरण तयार गर्नका लागि विद्यालयहरूको भौतिक मर्मत सम्भार, घेराबार, शुद्द पिउने पानी तथा शौचालय व्यवस्थापन एवं अधुरा भवन पुरा गरी विद्यालयहरूको आन्तरिक र वाह्य वातावरण सुधार गर्न आवश्यक व्यवस्था गरिनेछ ।

९४.नगर क्षेत्रका शैक्षिक संस्थाहरुको गुणस्तर वृद्धि गर्नका लागि आवश्यक योजना निर्माण गरि कार्यान्वयन गरिनेछ ।

९५.विद्यालय नक्सांकन, विद्यार्थी शिक्षकको अनुपातमा शिक्षक व्यवस्थापन गरिनेछ । यसका लागि वैकल्पिक व्यवस्था तथा स्वयंसेवक शिक्षक परिचालन गरिनेछ ।

९६.नगरपालिकाले सञ्चालन गरेको नगरस्तरीय परीक्षा (कक्षा ५ र ८) लाई गुणस्तरीय रुपमा सञ्चालन गर्न आवश्यक मापदण्ड तयार गरिनेछ । साथै कक्षा ५ र ८ को गुणस्तर परीक्षणका लागि उपलब्धी परीक्षा सञ्चालन गरिनेछ ।

९७.शिक्षण सिकाइमा सूचना तथा प्रविधिको प्रयोग बढाउन सामुदायिक विद्यालयहरुलाई प्रविधिमैत्री बनाउँदै लगिनेछ ।

९८.प्राविधिक शिक्षा अध्ययन गर्न चाहने विपन्न तथा जेहेन्दार, सिमान्तकृत, अल्पसंख्यक समुदायका विद्यार्थीहरुलाई छात्रवृत्ति उपलब्ध गराइनेछ ।

९९.नगरपालिकाबाट अनुमति नलिई सञ्चालित विद्यालय, मन्टेश्वरी, कोचिङ सेन्टर तथा तयारी कक्षाहरुलाई सञ्चालन गर्न रोक लागाइनेछ ।

१००. सामुदायिक तथा संस्थागत विद्यालयहरुका प्र.अ हरुसँग समय समयमा बैठक बसि शैक्षिक प्रगति र सुधारका पक्षमा छलफल गरि आवश्यक सुधार गर्दै लगिनेछ ।

१०१. विषयगत विज्ञहरुको रोष्टर तयार गरी ती विज्ञहरुबाट आवश्यकता अनुसार निरीक्षण, अनुगमन र सुपरीवेक्षण गर्ने व्यवस्था मिलाइनेछ।

१०२. विद्यालयमा ट्राफिक सचेतना, विपद् बाट सुरक्षा तथा लागु औषध दुर्व्यसनी विरुद्ध कार्यक्रम सञ्चालन गरिनेछ।

१०३. फरक क्षमता भएका बालबालिकाहरुका लागि आवश्यक सुधारका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१०४. उपमेयरसँग बालबालिका कार्यक्रम अन्तर्गत सामुदायिक विद्यालय सुधारको लागि सामुदायिक विद्यालयका विद्यार्थीहरुलाई मनोपरामर्श लगायतका कार्यक्रम सञ्चालन गरिनेछ।

१०५. विद्यालयको भौतिक संरचनाको क्रमिक सुधार गर्दै बालमैत्री, लैंगिकमैत्री र अपाङ्गमैत्री बनाउँदै लगिनेछ।

१०६. परम्परागत विद्यालय, मठमन्दिर, भाषा संस्कृतिलाई संरक्षण, सम्बर्धन र प्रवर्धन गर्दै लगिनेछ।

१०७. विद्यार्थी सिकाइ उपलब्धी सुधारका लागि, शिक्षकको वार्षिक तथा दैनिक शिक्षण सिकाइ योजना, सिकाइ सुधार योजना **(TIP)** लाई अनिवार्य गर्दै, कक्षागत तथा विषयगत शिक्षक व्यवस्थापन र उपचारात्मक कक्षा संचालनका लागि आवश्यक व्यवस्था मिलाइने छ।

१०८. शिक्षण सिकाइ सुधारका लागि विषयगत सिकाइ उपलब्धी, शिक्षकको कार्यक्षमता, कार्य सम्पादन मूल्याङ्कन, शिक्षकको विशेष दक्षतालाई शिक्षकको पुरस्कार, प्रोत्साहन र सरुवाको आधारका रुपमा स्थापित गर्ने नीति अवलम्बन गरिनेछ।

१०९. विद्यालय विकासमा प्रत्यक्ष संलग्न रहेका व्यक्तिहरूको जवाफदेहिता वृद्धि गर्न शिक्षकले प्रधानाध्यापकसँग, प्रधानाध्यापकले विद्यालय व्यवस्थापन समितिको रोहवरमा नगरपालिकासँग कार्यसम्पादन करार संझौता गर्नु पर्ने नीतिलाई अनिवार्य गरिनेछ।

११०. पाठ्यक्रममा समाविष्ठ अतिरिक्त कृयाकलाप अन्तर्गत रहेका चित्रकला, वाद्यवादन, गायन, योग तथा खेलकुदको शिक्षण सिकाइ गर्नका लागि आवश्यक व्यवस्थापन गरिनेछ।

१११. दिवा खाजामा स्थानीय सामाग्रीको प्रयोगलाई प्रोत्साहित गरी खाजाको गुणस्तर सुधारको सुनिश्चिता गरिनेछ। दिवा खाजाको मापदण्ड बमोजिम गुणस्तरमा ध्यान नदिएका, दिवा खाजामा चटपटे र पत्रुखाना (जंक फूड) को प्रयोग गर्ने विद्यालयहरूलाई दिवा खाजा वापत दिइने अनुदान रकम कटौति गर्ने नीति लागु गरिनेछ।

११२. विद्यालयको भौतिक तथा शैक्षिक व्यवस्थापन सुधारका लागि नगर शिक्षा समिति, वडा शिक्षा समिति, जनप्रतिनिधि तथा तोकिएका कर्मचारीबाट गरिने अनुगमनलाई सूचकमा आधारित बनाइ थप प्रभावकारी बनाइने छ। शैक्षणिक पक्षको अनुगमन र शिक्षकलाई पेशागत सहयोग गर्न विद्यालय मेन्टरिङ पद्धतिलाई कार्यान्वयनमा ल्याइनेछ।

११३. **"विद्यार्थीमा नैतिकता तथा नेतृत्व विकास"** अभियानका स्काउट, बाल क्लब तथा जु.रे.स. परिचालन गरिनेछ।

११४. शिक्षक तथा विद्यालय कर्मचारिको आचार संहिता निर्माण गरिनेछ साथै पेशागत भन्दा बाहेक अन्य कुनै पनि संघ/संगठन प्रतिको आबद्धतालाई निरुत्साहित गरिनेछ ।

११५. संस्थागत विद्यालयहरूको नियमन गरी सेवामुलक बनाइने छ । संस्थागत विद्यालयले प्रदान गर्ने निःशुल्क वृत्ति तथा छात्रवृत्तीका लागि सम्वन्धित वडा शिक्षा समितिसँग अनिवार्य समवन्य गर्नु पर्ने व्यवस्था लागु गरिनेछ ।

११६. मदन भण्डारी प्लानेटोरियम निर्माण संघीय सरकारको समन्वयमा सम्पन्न गरिनेछ ।

## उपक्षेत्र २ आधारभुत स्वास्थ्य तथा पोषण

११७. नगरपालिका अन्तर्गतका सबै स्वास्थ्य संस्थाहरुबाट गुणस्तरीय आधारभुत स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराइनेछ ।

११८. स्वास्थ्य चौकी र आधारभुत स्वास्थ्य सेवा केन्द्रहरुमा आवश्यकताका आधारमा क्रमशः निःशुल्क आधारभुत प्रयोगशाला सेवा (ल्याब) विस्तार गर्दै लगिने छ ।

११९. स्वास्थ्य संस्थाहरुमा औषधि तथा उपकरणको उपलब्धतामा वृद्धि गरिनेछ ।

१२०. अति विपन्न तथा गरीव नागरिकहरुलाई आकस्मिक स्वास्थ्य सेवा तथा दिर्घरोगहरुको उपचारका लागी उपलब्ध गराइएको उपचार सहायतालाई निरन्तरता दिइनेछ ।

१२१. सरकारले विपन्न नागरिकहरुलाई उपचार सहुलियत दिँदै आएको आठ ओटा रोगहरु (क्यान्सर, मृगौला, मुटुरोग, स्पाइनल इन्ज्युरी, पार्किन्सन्स, हेडइन्ज्युरी,अल्जाइमर र सिकलसेल एनिमिया) का विपन्न विरामिहरुलाई प्रदान गरिएको यातायात खर्च (एम्वुलेन्स भाडा) निरन्तरता दिइनेछ ।

१२२. पुर्णखोप दिगोपनाको लागि खोप केन्द्रहरुको भौतिक व्यवस्थापन, गुणस्तरीय खोप सेवाका लागि नयाँ स्वास्थ्यकर्मीहरुलाई तालिम र सरोकारवालहरुको समन्वयमा जनचेतनामुलक कार्यक्रम गरी यस नगरपालिकालाई पुर्णखोपयुक्त नगर कायमै राखिनेछ ।

१२३. स्वास्थ्य संस्थाहरुले गर्ने प्रतिवेदनलाई गुणस्तरीय, अनलाइन तथा डिजिटल प्रविधिमा पुर्णरुपमा लगिनेछ साथै स्वास्थ्य सेवाको गुणस्तरलाई सुधार गर्न न्यूनतम सेवा मापदण्डलाई कार्यान्वयन गरिनेछ ।

१२४. सबै वडामा कार्यरत महिला स्वास्थ्य स्वंय सेविकाहरुलाई आ-आफ्नो कार्यक्षेत्रमा दत्तचित्त भई काम गर्न उप्रेरित बनाउन प्रोत्साहन तथा पुरस्कारको व्यवस्थालाई निरन्तरता दिइनेछ ।

१२५. निजि अस्पताल, पोलिक्लिनिक, क्लिनिक तथा सहकारी अस्पतालहरुको सेवालाई व्यवस्थित गराउन तोकिएका सेवाहरुको प्रवाह, सेवाशुल्क आदि मापदण्ड अनुसार भए नभएको नियमित अनुगमन गरीनेछ साथै निजि स्वास्थ्य संस्थाहरुको संचालन अनुमति तथा नविकरणलाई व्यवस्थित गरिनेछ ।

१२६. स्वास्थ्यमा सर्वव्यापी पहुँचको अवधारणा अनुरुप प्रवर्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक तथा पुनर्स्थापनात्मक सेवाहरुलाई एकिकृत रुपमा विकास तथा विस्तार गर्दै लगिनेछ ।

१२७. नवशिशु मृत्युदर, शिशु मृत्युदर, मातृ मृत्युदर र वाल मृत्युदरहरुलाई घटाई औषत आयु वढाइने किसिमका क्रियाकलापहरु सञ्चालन गरिनेछ ।

१२८. आयुर्वेद, प्राकृतिक चिकित्सा, योग तथा होमियोप्याथिक लगायतका चिकित्सा प्रणालिलाई विकास र विस्तार गरिनेछ साथै स्थानीय स्तरमा उपलब्ध हुने जडिवुटिहरुको प्रर्वधन तथा उपयोगमा जोड दिइनेछ ।

१२९. विपन्न, जेष्ठ नागरीक तथा दिर्घ रोगीहरुलाई मधुमेह र उच्च रक्तचाप रोगको औषधीहरु सबै स्वास्थ्य संस्थाबाट निशुल्क वितरण गरिनेछ। साथै जेष्ठ नागरीक तथा दिर्घ रोगीहरुको नियमित रक्त सुगर तथा रक्तचाप जाँच सेवालाई निरन्तरता दिइनेछ।

१३०. गुणस्तरीय सेवा तथा स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्धीका लागी तालिम, अभिमुखीकरण गोष्ठी तथा अनसाइट कोचिङ तथा नियमित अनुगमन तथा सुपरिवेक्षण गरीनेछ।

१३१. महिला तथा बालबालिका लगायत विभिन्न उमेर समुहको सुक्ष्म पोषण अवस्था सुधारका लागि खाद्य विविधीकरण तथा सन्तुलित आहार उपभोगमा जोड दिइनेछ साथै बालबालिकाहरुको नियमित पोषण अवस्थाको लेखाजोखा गरिने छ।

१३२. स्वास्थ्य बीमा कार्यक्रममा नगरपालिकाबाट प्रदान गरिने सहुलियतलाई पुनर्संरचना गरि गरिब परिचय पत्रसंग आबद्ध गरि लागत साझेदारीमा आधारित बनाईनेछ।

१३३. सुरक्षित मातृत्व कार्यक्रम अन्तर्गतको ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रम लाइ निरन्तरता दिइनेछ।

१३४. माहामारी, प्रकोप तथा  किटजन्य रोगहरुको रोकथामको लागी विभिन्न कार्यक्रमहरु संचालन गरिनुको साथै पर्याप्त औषधी तथा उपकरणहरुको व्यवस्था गरीने छ।

१३५. नसर्ने रोगको प्रकोपको न्युनिकरणका लागि स्वास्थ्य प्रवर्दनात्मक सेवामा विशेष जोड दिइनेछ साथै व्यक्ति, परिवार, समाज तथा सम्बन्धित निकायहरुलाई जिम्मेवार बनाउदै एकिकृत स्वास्थ्य प्रणलीको विकास र विस्तार गरिनेछ।

१३६. सव वहान र एम्वुलेन्स सेवाको नियमित व्यवस्था मिलाईने छ।

१३७. **स्वास्थ्य रहनु नागरिकको स्वयं जिम्मेवारी हो** भन्ने तथ्यलाई स्वास्थ्य सचेतना मार्फत अभिवृद्धि गर्दे स्वस्थ्यकर जीवनशैली प्रर्वद्धन गरिनेछ।

१३८. विद्यालय स्वास्थ्य कार्यक्रमलाई सुदृढीकरण गर्दे कार्यक्रम विकास तथा सञ्चालन गरिनेछ।

१३९. महिलाहरुको पाठेघर सम्बन्धी रोग पहिचान गर्नका लागि निशुल्क स्वास्थ्य सिविर तथा स्क्रिनिङ सम्बन्धी कार्यक्रम गरिनेछ।

१४०. राजघाट  स्वास्थ्य चौकीलाई नगरस्तरीय आधारभूत अस्पताल बनाइनेछ।

१४१. मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टरसँगको स्वास्थ्य उपचार साझेदारी कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१४२. घर घरमा आधारभूत स्वास्थ्य सेवा कार्यक्रम संचालन गरिनेछ। जस अन्तर्गत वर्षमा कम्तीमा दुई पटक खोप, पोषण, गर्भवती जाँच, परिवार नियोजन सेवा, जेष्ठ नगारिक तथा अपाङ्गता भएका व्यक्तिहरूको निःशुल्क स्वास्थ्य परिक्षण गर्नुका साथै सर्ने तथा नसर्ने रोगको स्क्रिनिङ्ग गरिनेछ। यसका लागि उपलब्ध स्वास्थ्यकर्मी र महिला स्वास्थ्य स्वयम् सेविकालाई परिचालन गरिनेछ र प्रदेश सरकार संग आवश्यक समन्वय गरिनेछ।

१४३. मानसिक स्वास्थ्य र लागुपदार्थ दुर्व्यसन न्यूनीकरणका लागि सम्बन्धित पक्षसँग सहकार्य गरी सचेतना कार्यक्रम संचालन गरिनेछ।

१४४. वालवालिकाको पोषण अवस्थाको वारेमा घरघरमा गई परिक्षण गरी कुपोषित भएको पाइएमा निशुल्क उपचारको व्यवस्था मिलाइनेछ।

१४५. आँखाको समस्याका कारण कष्टप्रद जिवनयापन गरिरहेका जेष्ठनागरिकहरूका लागि निःशुल्क आँखा परीक्षण सहित निःशुल्क चस्मा वितरण गर्ने कार्यक्रम संचालन गरिनेछ।

१४६. बालबालिकामा हुने दृष्टि समस्या **(Refraction Error)** तथा दाँतमा कीरा लाग्ने रोग **(Dental Carries)** को पहिचान तथा रोकथामका लागि सबै विद्यालयका विद्यार्थीलाई परीक्षणको व्यवस्था मिलाईनेछ।

१४७. महिलाहरुमा हुने प्रजनन स्वास्थ्य सम्बन्धी रोगहरुको परीक्षण तथा रोकथामका लागि समुदायमा आधारित एकीकृत प्रजनन स्वास्थ्य परीक्षण कार्यक्रम संचालन गरिनेछ। यसका लागि प्रदेश सरकार संग आवश्यक समन्वय गरिनेछ।

१४८. सर्पदंश उपचार कार्यक्रमलाई निरन्तरता दिन नेपाल रेडक्रस सोसाईटीसंग सहकार्य गरिनेछ।

१४९. स्वास्थ्य सेवाबाट प्रदान गरिने प्रवर्धनात्मक, प्रतिकारात्मक तथा उपचारात्मक सेवाको गुणस्तर अभिवृद्धिका लागि **Supply, Supervision & Statistics** रणनीति अवलम्बन गरिनेछ। यसबाट प्राप्त नतिजालाई स्वास्थ्यकर्मीको सेवा, सुविधा तथा निरन्तरतासंग आवद्ध गरिनेछ।

## उपक्षेत्र ३ खानेपानी तथा सरसफाई

१५०. उर्लाबारी नगर क्षेत्रमा सञ्चालनमा रहेका खानेपानी उपभोक्ता समिति संस्थालाई एकिकृत गरी उर्लाबारी/ खानेपानी तथा सरसफाइ संस्था मार्फत नगरक्षेत्रमा स्वच्छ खानेपानी सेवाको सुरुवात भईसकेकोले खानेपानीको पहुँच हर घरमा पुर्याउन पहल गरिनेछ।

१५१. स्वास्थ्य तथा सरसफाइ सम्बन्धी बानी व्यवहारमा परिवर्तन गर्न नगरपालिकाको अगुवाइमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

१५२. सञ्चालनमा रहेका खानेपानी आयोजनाहरु समयानुकुल मर्मत संभार, चुहावट नियन्त्रण, गुणस्तरीय खानेपानी, उचित मूल्यमा स्थानीय उपभोक्तालाई उपलब्ध गराउने गरी व्यवस्थापन मिलाइनेछ।

१५३. खानेपानीको वितरणलाई सरल, सहज र पहुँचयोग्य बनाइनेछ।

१५४. विपन्न लक्षित धारा जडान सम्बन्धी कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१५५. सार्वजनिक स्थानमा शुद्ध पिउने पानी उपलब्ध गराउने व्यवस्था गरिनेछ।

## उपक्षेत्र ४ लैंगिक समानता तथा सामाजिक समावेशीकरण

१५६. वाल विकासका सूचकहरु बाल बचाऊ, बाल संरक्षण, बाल विकास तथा बाल सहभागिता आदि कार्यक्रमहरुमा जोड दिई वालवालिकाको क्षमता विकासका लागि विभिन्न वाल प्रतियोगिता तथा बालक्लब र बालसंजालका पदाधिकारीहरूको क्षमता विकास गर्दै, समग्र नगरपालिकालाई बालमैत्री नगरपालिका घोषणा गर्न आवश्यक कार्यक्रम तर्जुमा गरिने छ।

१५७. बालवालिकाका विभिन्न प्रतिभा र क्षमताहरूको पहिचान र प्रोत्साहन गर्नका लागि बाल क्लब र बाल संजाललाई सकृय बनाइनेछ।

१५८. बाबालिकाको संरक्षणका लागि नमूना बाल गृह लगायतका संस्थासंग सहकार्य गरिनेछ।

१५९. लैंगिक हिंसामा परेकाहरुलाई विभिन्न कार्यक्रमको माध्यमबाट संरक्षण र सहयोग गरिनेछ।

१६०. लैंगिक हिंसा पिडित महिलाका लागि **Safe Space** तथा परामर्श र उपचारको व्यवस्था गर्नुको साथै लैंगिक हिंसा निवारण कोषको प्रभावकारिता अभिवृद्धि गरिनेछ।

१६१. लैंगिक समानता तथा समाबेसीकरणका क्षेत्रमा प्राप्त उपलब्धीलाई संस्थागत गर्न महिला विकास कार्यक्रमलाई थप प्रभाबकारी रुपमा सञ्चालन गरिनेछ।

१६२. आर्थिक र सामाजिक रुपले सबै क्षेत्रका पछाडी परेका महिला र पुरुषका समान भूमिकालाइ प्रबर्द्धन गर्न कार्यक्रम सन्चालन गरिनेछ।

१६३. गरिबी निवारणका लागि महिला उधमशिलतालाई प्राथमिकता दिइनुका साथै राष्ट्रपति महिला सशक्तिकरण परियोजनालाइ निरन्तरता दिई महिलाहरुलाइ सीप प्रदान गरी आत्मनिर्भर बनाइनेछ।

१६४. महिलाहरूको आधारभूत सीप विकासका लागि यस पूर्व तालिम लिएर सीपको प्रयोग गरी उद्योग संचालन गरिरहेका र स्वःआर्जन गरिरहेका महिलाहरूका लागि थप सिकाइका लागि एड्भान्स तालिम संचालन गरिनेछ।

१६५. महिला समूहलाई थप कृयाशील बनाउन क्षमता विकास गरिनेछ।

१६६. महिलाहरुको नीति निर्माणमा अर्थपूर्ण सहभागिता तथा नेतृत्व विकासका लागि यस नगरपालिकाको महिला जनप्रतिनिधीहरुलाई क्षमता विकास तालीम प्रदान गरिनेछ।

१६७. महिलाहरूको कृषक समुह निर्माण र महिला व्यावसायीलाई प्रोत्साहित गर्न विभिन्न कार्यक्रमहरू संचालन गरिनेछ।

१६८. सबै वडामा विद्यालयमा रहेका छात्रा तथा बाहिर रहेका किशोरीहरुका लागि आत्मरक्षा तथा किशोरी शसक्तिकरण तालिम प्रदान गरिने छ।

१६९. जेष्ठ नागरिक सेवा तथा मिलन केन्द्र संचालन तथा ब्यवस्थापन सम्वन्धी विद्यमान संरचनाको सबलीकरण गरिनेछ।

१७०. जेष्ठ नागरिकको निःशुल्क स्वास्थ्य परीक्षण तथा सम्मानको व्यवस्था गरिनेछ।

१७१. अपाङ्गता भएका नागरिकको संरक्षण र विकासको लागि प्रदेश सरकारसँगको साझेदारीमा सन्चालन भइरहेको अपाङ्गता रोकथाप तथा पुर्नस्थापना कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१७२. अपाङ्गता भएका व्यक्तिको सर्वोत्तमा हितका लागि अपाङ्गमैत्री भवनको उच्चतम उपयोग गरिनेछ।

१७३. नगरपालिकामा बन्ने भौतिक संरचनाहरु महिला, बालवालिका तथा अपाङ्गता मैत्री बनाउँदै लगिनेछ।

१७४. लैंगिक मैत्री बजेटको अवधारणालाई कार्यान्वयन गर्दै लैंगिक मैत्री शासन तथा बजेटको परीक्षण गरिनेछ।

## उपक्षेत्र ५ युवा तथा खेलकुद

१७५. खेलकुद विकासका लागि विभिन्न खेलकूल कार्यक्रमहरुको संचालन तथा व्यवस्थापन गरिँदै लगिनेछ ।

१७६. खेलकूद क्षेत्रलाई विकास गर्दै लैजानका लागि विधागत रुपमा खेल प्रशिक्षकहरु स्थानीय स्तरमै उत्पादन गरिनेछ ।

१७७. खेलाडीहरुलाई पालिका, जिल्ला र राष्ट्रियस्तरका खेलहरुमा सहभागी गराइ खेलाडी उत्पादनका कार्यलाई थप प्रभावकारी बनाइनेछ।

१७८. राष्ट्रिय तथा अन्तरराष्ट्रियरुपमा खेल क्षेत्रमा ख्याती प्राप्त खेलाडीहरुको सम्मान कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१७९. युवाहरूलाई पलायन हुनबाट रोक्न युवाहरूको मागमा आधारित सिपविकास तालिम संचालन गर्नुका साथै युवा उद्यमी समुहहरूलाई प्रविधिमा अनुदान प्रदान गरी युवा रोजगारको प्रवर्धन गर्न आवश्यक व्यवस्था गरिनेछ ।

१८०. युवाहरूको सबैभन्दा ठूलो समस्याका रुपमा रहेको लागु औषध प्रयोगलाई पूर्ण निरुत्साहित गर्न सम्वन्धित सुरक्षा निकायहरू तथा यस क्षेत्रमा कार्य गरिरहेका संस्थासँग सहकार्य गरी नगरपालिकालाई लागु औषध रहित पालिकाको रुपमा विकास गर्ने नीति अवलम्बन गरिनेछ ।

१८१. खेलमैदानमा आवश्यक खेलकुद पूर्वाधार निर्माण गरिनेछ ।

## उपक्षेत्र ६ सामाजिक सुरक्षा तथा संरक्षण

१८२. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको विवरण निरन्तर अध्यावधिक गरिनेछ । कानुनको दायरामा रही सुरक्षा भत्ता प्राप्तिमा अझ सहजता ल्याउने कार्य गरिनेछ ।

१८३. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने अशक्त लाभग्राहीहरुलाई सहजै रुपमा भत्ता उपलब्ध गराउन आवश्यक सहजिकरण गरिनेछ ।

१८४. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको नया दर्ता तथा नविकरणका लागि फिङ्गरप्रिन्ट र आइरिस विधिबाट बायोमेट्रिक रुजु गरिनेछ ।

१८५. व्यक्तिगत घटना दर्ता सम्वन्धी सचेतना कार्यक्रमलाई निरन्तरता दिई समयमै घटना दर्ता गर्न गराउन कार्यक्रम संचालन गरिनेछ ।

१८६. वडा स्तरबाट हुने विद्युतीय घटना दर्ता तथा सामाजिक सुरक्षा प्रणालीलाई त्रुटिरहित कर्मचारीको क्षमता विकास गरिनेछ ।

१८७. अति विपन्न, असहाय, बेवारिसे तथा अपाङ्गता भएका व्यक्तिलाई सामाजिक सुरक्षा प्रदान गर्न श्रोतको व्यवस्था गरिनेछ ।

# ३. पूर्वाधार विकास नीति

## उपक्षेत्र १ सडक, पुल तथा यातायात

१८८. साना तथा अल्पकालिकन आवश्यकताका योजना तथा कार्यक्रमहरुलाई निरुत्साहित गर्दै ठूला तथा दिर्घकालिन महत्वका साथै दिगो विकस लक्ष्य प्रापतिमा सहयोग गर्ने आयोजना तथा कार्यक्रमहरुको तर्जुमा र कार्यान्वयनलाई प्राथमिकता दिइनेछ ।

१८९. भौतिक पूर्वाधार तर्फका न्यूनतम रु. ४ लाख र वडास्तरीय भौतिक पूर्वाधार तर्फ एकवटा योजनामा न्यूनतम रु. १५ लाख रकम विनियोजन गरी सञ्चालन गरिनेछ ।

१९०. नगरपालिकाबाट हुने ठेक्का प्रकृयाका योजनाहरुमा रु १० लाख भन्दा माथिका योजनाहरु अनिवार्य रुपमा विद्युतिय ठेक्का प्रकृया मार्फत संचालन हुने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

१९१. नगर क्षेत्र भित्र जीर्ण तथा भत्किएका योजनाहरुको मर्मत तथा संरक्षणका लागि मर्मत सम्भार कोषको प्रयोग गरिनेछ ।

१९२. नगरपालिका भित्र सञ्चालन हुने योजनाहरुको अनुगमनलाई प्रभावकारी बनाउन वडास्तरीय तथा नगरस्तरीय अनुगमन समितिबाट नियमित रुपमा अनुगमनको व्यवस्था मिलाइनेछ। रु. ६ लाखसम्म लागत अनुमान भएका योजनाहरुको अनुगमन कार्य वडा स्तरीय अनुगमन समितिबाट हुने व्यवस्था मिलाई कार्यान्वयनमा सहजता ल्याइनेछ। साथै गुणस्तर सुनिश्चिततालाई प्रयोगशाला परिक्षणसंग आवद्ध गरिनेछ।

१९३. नगरक्षेत्रभित्र बन्ने ड्रेन निर्माण कार्यमा **RCC** ड्रेन निर्माणलाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गरी ड्रेन निर्माणको गुणस्तरीयता र दिगोपना सुनिश्चित गरिनेछ।

१९४. साना बाटो निर्माण कार्यमा गुणस्तरीय पेभिङ्ग ब्लकको प्रयोगलाई क्रमश बढाउँदै लगिनेछ।

१९५. वडा नं ६ मा रहेको अधुरो कवर्डहल लगायत अन्य अधुरो आयोजनाको निर्माण कार्य अगाडी बढाइनेछ।

१९६. उर्लाबारी-२ को इलाका प्रशासन कार्यालयमा सडक संजाल सहज रुपमा जोड्न तेलि खोलामा पक्की पुल निर्माण गरीनेछ। साथै झुम्रा, राम्री खोलामा समेत पक्की पुल निर्माण कार्य अगाडी बढाइनेछ। यसका लागि संघीय तथा प्रदेश सरकारसंग समन्वय गरिनेछ।

१९७. नगर विकास कोषको ऋण तथा अनुदान र नगरपालिकाको लागत साझेदारीमा सञ्चालनमा रहेको बहुवर्षिय योजना उर्लाबारी बसपार्क निर्माण कार्य शुरु गरिनेछ।

१९८. उर्लाबारी नगरको बजार क्षेत्रको सौन्दर्यीकरण तथा पुष्पनगरीमा रात्रीकालीन बजार व्यवस्थापनको बहुवर्षिय योजना आगामी आ.व.मा कार्य सम्पन्न गरिनेछ। साथै अन्य उपयुक्त स्थानमा बजार सौन्दर्यीकरणको कार्य अगाडी बढाईनेछ।

१९९. चालू आ.व. बहुवर्षीय आयोजनाको शुरु भएका आयोजनाहरु (वडा नं. ४ को सुविधा सम्पन्न वडा कार्यालय भवन, उर्लाबारी-५, मिलिजुली मार्ग, उद्योग वाणिज्य संघ, बलभद्र मार्ग पेभिङ ब्लक आदि) लाई आगामी आ.व.मा सम्पन्न गरिनेछ।

२००. नगरको ग्रामिण क्षेत्रका बस्तीलाई बजारको पहुँचसँग जोड्ने भानु मार्ग - भानु स्कूल - बहादुर बाबा स्कूल मार्ग सडक निर्माण, वडा नं. ४ र ८ आयोजनालाई उच्च प्राथमिकतामा राखी संघीय सरकार, प्रदेश सरकार र अन्य निकायसँगको समन्वयमा कार्यान्वयन गरिनेछ।

२०१. उपभोक्ताहरुको प्रत्यक्ष सहभागिता लाभ, साझेदारी र अपनत्व कायम हुने कार्यक्रम तथा योजनाहरुको कार्यान्वयन उपभोक्ता समितिबाट गरिनेछ।

२०२. दर्तावाला संस्थाबाट योजना सञ्चालनका लागि प्रोत्साहित गर्न टोल विकास संस्थाहरुको क्षमता अभिवृद्धि, अभिमुखीकरण गरी टोल विकास संस्था मार्फत योजना माग संकलन र योजना संचालन गर्न प्राथमिकता दिइनेछ।

२०३. मागका आधारमा नगरपालिकाको ६० प्रतिशत र उपभोक्ताको ४० प्रतिशत लागत साझेदारीमा योजना सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

२०४. नगर प्रमुख कृषि करिडोर निर्माण कार्य सञ्चालन गरिनेछ साथै वैकल्पिक मार्गको रुपमा खोला किनारमा करिडोर निर्माणको कार्यलाई निरन्तरता दिइनेछ।

२०५. उपभोक्ता समिति, टोल विकास संस्थाहरु तथा अन्य सामुदायिक संस्थाबाट संचालन हुने आयोजनाहरुमा लागत अनुमानको न्यूनतम १५% साझेदारी अनिवार्य रुपमा गरिनेछ।

२०६. यस नगरपालिका क्षेत्रमा संचालन हुने बस तथा अन्य सवारी साधनहरूलाई व्यवस्थापन गरिने तथा सार्वजनिक यातायातको संचालनलाई व्यवस्थित र सेवाग्राहीको सहज पहुँचको सुनिश्चिता गरिनेछ।

२०७. सार्वजनिक सडकको दाँया बाँया खुला गरी सहज आवत जावतको सुनिश्चित गर्नुका साथै सम्भावित दुर्घटना न्यूनीकरण गर्न सम्वन्धित सुरक्षा निकायसँग समन्वय गरी नियमित रुपमा नगर प्रहरी परिचालन गर्ने नीति अवलम्बन गरिनेछ।

२०८. आयोजनाहरुले निर्माण गर्ने सार्वजनिक सूचना बोर्ड आयोजना सम्पन्न भएको कम्तिमा १ वर्ष सम्म रहने गरी राख्ने व्यवस्थापन अनिवार्य लागु गरिनेछ।

२०९. भौतिक निर्माण कार्यको पारदर्शिताका लागि निर्माण व्यवसायी र उपभोक्ता समितले अनिवार्य रुपमा विभिन्न संघ संस्था एवम् सरोकारवाला व्यक्तिहरुको भौतिक उपस्थितिमा आयोजनाको खर्च सार्वजनिकिकरण गर्ने कार्यको सुनिश्चितता गर्न भुक्तानीको महत्वपूर्ण आधारका रुपमा स्थापित गर्ने नीति लिइनेछ।

२१०. नगरपालिकामा थप सडक निर्माण गर्ने वा सडक स्तरोन्नती गर्ने कार्यलाई व्यवस्थित गर्न नगरपालिकाको सडक गुरु योजना अधावधिक गरी लागु गरिनेछ।

२११. भौतिक विकास निर्माणका कार्यहरू गर्दा सम्पूर्ण क्षेत्रको सन्तुलित विकासको नीति अवलम्वन गरिनेछ।

२१२. भौतिक निर्माणमा समयमा कार्य सम्पादन नगर्ने तथा तोकिए बमोजिमको गुणस्तर कायम नगर्ने निर्माण व्यवसायीहरूलाई कारवाहीको दयरामा ल्याइने छ।

२१३. उपभोक्ता समिति मार्फत संचालन हुने निर्माण कार्यमा ठूला मेशिन औजारको प्रयोगलाई निरुत्साहित गरिनेछ।

२१४. कच्ची सडकहरुको प्राथमिकताका आधारमा क्रमशः ग्राभेल विछयाउने र विगतमा वनेका ग्राभेल सडकको प्राथमिकताका आधारमा क्रमशः स्तरउन्नति गरिने छ।

२१५. नगरपालिका भित्र निर्माण हुने संरचनाहरु अपाङ्ग मैत्री, बालमैत्री, लैंगिकमैत्री, वातावरणमैत्री साथै जेष्ठ नागरिकमैत्री हुनेगरी निर्माण गर्ने कार्यमा जोड दिइनेछ। यसका लागि आवश्यक मापदण्ड तर्जुमा गरि लागू गरिनेछ।

२१६. प्रतिकुल मौसममा भौतिक निर्माणको कार्यबाट हुने क्षतिलाई कम गर्न आगामी वर्ष भाद्र महिनादेखि भौतिक निर्माणका कार्यहरू सुरू गर्ने र बैशाख मसान्त पश्चात नयाँ आयोजनाहरूको सम्झौता नगर्ने नीति लागु गरिनेछ।

## उपक्षेत्र २ भवन, आवास तथा वस्ती विकास

२१७. नगरपालिका स्थापना हुनु अघि निर्माण भइसकेको भवनहरुको अभिलेख व्यवस्थापनका लागि पुरानो घर अभिलेखीकरण (सूचीकृत) कार्यविधि, २०८१ बमोजिम कार्यान्वयन गरिनेछ।

२१८. नगर क्षेत्र भित्र रोजगार बढाउन नगरका इच्छुक व्यक्तिहरुलाई भवन निर्माण सम्बन्धि डकर्मी तालिमलाई निरन्तरता दिईनेछ।

२१९. उर्लाबारी नगरपालिकामा जग्गाको विवादहरुको बढ्दो समस्यालाई न्यूनिकरण गर्न नगरपालिकाबाट पुन नापीको पहल गरिनेछ।

२२०. घर निर्माण तथा (प्लानिङ) नक्शा पास तथा कित्ताकाट गर्दा जग्गा विकास/हाउजिङ निर्माण सम्बन्धि निर्देशिका, २०७९ मा भएको प्राबधान बमोजिम गर्ने कार्यलाई अनिवार्य गरिनेछ।

२२१. घर नम्बरिङ्ग र सडक नामाकरणको कार्य अगाडी बढाइनेछ।

२२२. घर निर्माणमा नगरपालिकाबाट कलर कोडिङ्ग गर्ने नीति अवलम्बन गरिनेछ।

२२३. घरधनी, निर्माणकर्मी र जनप्रतिनिधिहरुलाई भूकम्प प्रतिरोधी भवन निर्माण सम्बन्धि अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

२२४. **EBPS** प्रणालीलाइ अझै प्रभावकारी बनाउन **EBPS Software Customization & Electronic Signature** व्यवस्थापन गरिनेछ।

२२५. घर नक्सा फाइलहरुको व्यवस्थित अभिलेख व्यस्थापनका लागि **Digital Records** प्रणाली लागु गरिनेछ।

२२६. विपन्न नागरिक आवास कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२२७. प्रशासनिक भवन, वडा कार्यालय, स्वास्थ्य संस्था, विद्यालय लगायतका सार्वजनिक भवन तथा जग्गा संरक्षणका लागि घेराबारा गरी सुरक्षित गरिनेछ।

२२८. नगरपालिका क्षेत्र भित्र घर तथा भवन निर्माणकर्ताले निर्माण सामाग्रीहरु सडक तथा सार्वजनिक स्थलमा राख्न नपाउने व्यवस्था कार्यान्वयन गर्दै यस्ता सामग्रीहरु सार्वजनिक स्थलबाट हटाए पछि मात्र भवन इजाजत तथा निर्माण सम्पन्नताको प्रमाण पत्र प्रदान गर्ने नीतिलाई कडाईका साथ कार्यान्वयन गरिनेछ।

## उपक्षेत्र ३ जलश्रोत, जलविद्युत तथा उर्जा

२२९. उज्यालो उर्लाबारी कार्यक्रमलाई निरन्तरता दिदै उपभोक्ताको साझेदारीमा बिद्युतिय सामाग्री खरीद एवम् विद्युत महशुल भुक्तानी गरिनेछ। उपभोक्ताहरुको माग र आवश्यकताका आधारमा नगरका थप बाटोहरुमा सडक बत्ति जडान तथा विस्तार कार्य गर्दै लगिनेछ।

२३०. वैकल्पिक उर्जाको प्रयोगलाई प्राथमिकता दिइनेछ।

२३१. अव्यवस्थित विद्युत पोल र केबलका तारहरु सम्बन्धित निकायसँगको समन्वयमा व्यवस्थित गरिनेछ। मुख्य चोक/बजारमा शहरी सुन्दरता कायम गर्न, सुरक्षामा ध्यान दिई भूमिगत तार व्यवस्थापन प्रकृयालाई व्यवस्थित गर्दै लगिनेछ।

२३२. सडक सुरक्षाका लागि मूख्य सडकहरुमा सडक बत्ति तथा बजार क्षेत्रमा सि.सि.क्यामरा विस्तारको कार्यलाई निरन्तरता प्रदान गरिनेछ।

२३३. विद्युत आपुर्तिको गुणस्तरमा सुधार गर्न सम्वन्धित निकायमा समन्वय गरी गुणस्तर सुधार गरिनेछ।

२३४. सडक बत्तिको जडान र महसुलमा न्यूनतम ५० प्रतिशत र मर्मतमा २५ प्रतिशत उपभोक्ताको लागत साझेदारी अनिवार्य गरिनेछ।

## उपक्षेत्र ४ सञ्चार तथा सूचना प्रविधि

२३५. पेपरलेस गभर्नेन्सको अवधारणालाई कार्यान्वयनको दिशातर्फ लगिनेछ।

२३६. सूचना तथा संचार र प्रविधिमा नगरपालिका अन्तर्गतका सबै कार्यालयहरुको पहुँच अभिवृद्धि गर्दै नेटवर्क कन्क्टिभिटी लाई थप व्यवस्थित गरिनेछ।

२३७. कार्यालयमा संचालनमा रहेका विद्युतीय प्रणालिहरुलाई एकिकृत गरि **Integrated System** को रुपमा विकास गर्ने साथै कर्मचारी र जनप्रतिनिधिहरुलाई प्रणाली प्रयोगमा सहजता ल्याउनको लागि क्षमता अभिवृद्धि गरिनेछ।

२३८. प्रविधिको स्वचालित प्रयोग तथ्याङ्कको सुरक्षा र प्रभावकारी व्यवस्थापनको लागि क्लाउड वेस सर्भर/डाटा वेसलाई आधार मानि योजना तर्जुमा गर्ने नीति अवलम्वन गरिनेछ।

२३९. **E-Town planning** को कार्य सुचारु गरिनेछ ।

## ४. वन तथा वातावरण क्षेत्र

### उपक्षेत्र १ वन, हरियाली, भू-संरक्षण तथा जैविक विविधता

२४०. सार्वजनिक वन क्षेत्र, सडक किनारमा र उपयोग विहिन सार्वजनिक, सरकारी जग्गामा फलफूल लगायत अन्य प्रजातिका बिरुवा रोपण गर्ने र संरक्षण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

२४१. सामुदायिक वन उपभोक्ता समूहसँगको साझेदारीमा वन संरक्षण, प्रबर्द्धन र पर्यापर्यटनका कार्यक्रम सञ्चालन भैरहेकोमा उक्त कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२४२. खानेपानी मुहान तथा स्रोत संरक्षण, पोखरी तथा सिमसार क्षेत्रको सरसफाई कार्यक्रम, संरक्षण र व्यवस्थापन गरिनेछ ।

२४३. सामुदायिक वनसँगको सहकार्यमा उर्लाबारी क्षेत्रमा पाइने संकटमा रहेको हाडिफोर चरा तथा अन्य चराचुरुङ्गीको संरक्षणका लागि तिनको बासस्थानको संरक्षण, सिमसार क्षेत्रको संरक्षण गर्दै सन्तुलित पारिस्थितिक प्रणालीमा जोड दिइनेछ ।

२४४. बालउद्यान, चिल्ड्रेन पार्क, मनोरञ्जनस्थल भएका स्थानलाई वृद्धि विकास गर्दै लगिनेछ ।

### उपक्षेत्र २ वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन

२४५. **आफ्नो टोल आफै सफा राखौं** अभियान मार्फत नगर सफा राख्ने कार्यमा टोल विकास संस्थाहरुसँग सहकार्य गरिनेछ ।

२४६. फोहोरको न्यूनीकरण, वर्गिकरण र पुनः प्रयोगका लागि सचेतनामूलक कार्यक्रम तथा तालिम सञ्चालन गरिनेछ ।

२४७. जैविक फोहोर व्यवस्थापनका लागि होम कम्पोष्टिङ प्रविधिको प्रबर्द्धन गरिनेछ ।

२४८. प्रशोधन केन्द्र सहितको ठोस तथा तरल फोहोरमैला व्यवस्थापनका लागि आवश्यक अध्ययन गरि पूर्वाधार निर्माण शुरु गरिनेछ । यसका लागि संघीय तथा प्रादेशिक निकाय, निजी क्षेत्र तथा गैससंग सहकार्य गरिनेछ ।

२४९. स्वच्छ सफा र हराभरा नगर राख्नको लागी कम्तिमा ३ स्थान (मंगलवारे चौक, उर्लावारी चौक र दुर्गापुरी बजार) मा सार्वजनिक शौचालय निर्माणको नीतिलाई निरन्तरता दिइनेछ ।

२५०. प्लाष्टिक झोला र प्लाष्टिकजन्य सामग्रीको प्रयोगलाई निरुत्साहित गर्ने नीति लिइनेछ ।

२५१. अस्पतालजन्य फोहोरमैलालाइ सम्बन्धित हस्पिटल वा स्वास्थ्य संस्थाहरुवाटै ब्यबस्थापन गर्ने नीति अवलम्बन गरिनेछ ।

२५२. नगरको सौन्दर्यतालाई कायम राख्न सडक पेटी, पसल, घर अगाडी निर्माण सामग्री, ग्यास र अन्य सामग्री नराख्ने व्यवस्था कार्यान्वयनका लागि नियमन गरिनेछ ।

### उपक्षेत्र ३ विपद् जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन अनुकूलन

२५३. विपद्बाट हुने जोखिम न्यूनिकरणका लागि संघीय सरकारको सहकार्यमा आपतकालिन आस्रयस्थल (**Shelter House**) निर्माण गरिनेछ ।

२५४. नगरपालिकाका सबै वडा र टोल बस्तीमा एम्बुलेन्स र दमकलको आवगमनलाई ध्यानमा राखी नगर सडकको मापदण्ड संशोधन र अध्यावधिक गरिनेछ।

२५५. बक्राहा, मावा, सोल्टी, रतुवा, मिक्लु, राम्री, सुकेहोली, रातेहोली, सुनझोडा, लगायतका नदीहरुबाट हुने कटान नियन्त्रण गर्न संघीय तथा प्रदेश सरकारको समन्वयमा तटबन्ध कार्यलाई निरन्तरता दिइनेछ साथै सुनपकुवा पैनी, चुप्पा झोडा पैनी, राई पैनी, बरगाछी दुर्गा मन्दिर पैनी, कुलझोडा होलीलाई व्यवस्थापन गरिनेछ।

२५६. स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा तयार भैसकेको हुँदा प्रकोप नक्सा र जोखिम नक्सांकनका आधारमा कार्ययोजना बनाई विपद् व्यवस्थापन र नदी नियन्त्रणका योजनाहरु सञ्चालन गरिनेछ ।

२५७. बाटो, सिचाई, ढल निकास जस्ता भौतिक पूर्वाधारका योजना बनाउँदा भू–क्षय नहुने, सामुदायिक वन अतिक्रमण नहुने, पानीको मुहान एवम् वन, वातावरणमा प्रतिकूल असर नपर्ने गरी योजना कार्यान्वयन गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

२५८. प्राकृतिक विपद् (चट्याङ, बाढी, भूकम्प, डढेलो, भूक्षय, हावाहुरी, असिना पानी) बाट हुने क्षति न्यूनिकरण गर्नको लागि वार्षिकरुपमा कार्यक्रम बनाई कार्यान्वयन गरिनेछ। साथै गैरप्राकृतिक विपद् (महामारी, हात्तिबाट हुने क्षति, आगलागी, फ्लु, भौतिक संरचनाको क्षति) न्यूनिकरणका लागि कार्ययोजना बनाई विपद् व्यवस्थापन कोषको परिचालन गरिनेछ।

२५९. विपद् प्रतिकार्य योजना र विपद् संवेदनशिल भूउपयोग योजना बमोजिम विपद् जोखिम न्यूनिकरणका कार्यहरु गरिनेछ।

२६०. विपद् जोखिम न्यूनिकरण, उद्दार, प्रतिकार्य र विपद व्यवस्थापनमा नजिकको समुदाय तत्काल परिचालन गर्न तालिम प्राप्त स्वयम्सेवक तयार गरिदै लगिनेछ।

२६१. पेट्रोलपम्पलाई तालिम प्राप्त अग्निनियन्त्रक / सुरक्षा गार्ड राख्ने व्यवस्था मिलाउन पहल गरिनेछ।

२६२. बाँसेचौरी, लामपाते, बेतिनी, बुढाठाकुर सिमसार, महाराजथान क्षेत्र र धिमाल जाति विकास केन्द्र जस्ता पर्यटकीय, धार्मिक तथा साँस्कृतिक महत्वका क्षेत्रमा हुने खोला कटानलाई नियन्त्रणको कार्यक्रम सञ्चालन गरिनेछ।

२६३. विपद् पूर्वतयारी, विपद् प्रतिकार्य र विपद् पश्चातको अवस्थालाई व्यस्थापन गर्न गैरसरकारी संघ संस्थासँगको समन्वय र साझेदारीमा कार्यक्रम सञ्चालन गरिनेछ।

२६४. आपतकालिन कार्यसञ्चालन केन्द्रको क्षमता विकास गर्दै लगिनेछ।

२६५. नदीजन्य पदार्थको उत्खनन्, संकलनलाई नियमिय र नियन्त्रित गरिनेछ र अनुगमनलाई प्रविधिमैत्री बनाईनेछ।

२६६. पूर्वाधार निर्माणलाई वातावरण संरक्षण, विपद् जोखिम न्यूनिकरण तथा जलवायू परिवर्तन व्यवस्थापन संग आवद्ध गरिनेछ।

## ५ सुशासन तथा संस्थागत

### उपक्षेत्र १ नीति, कानून, न्याय तथा सुशासन

२६७. नगरपालिकाको न्यायिक समितिलाई स्वतन्त्र निष्पक्ष पहुँचयोग्य सक्षम एवं विश्वसनिय बनाउन न्यायिक समितिबाट गरिदै आएको कार्य सम्पादनलाई प्रविधिमैत्री बनाउदै लगिनेछ।

२६८. न्यायिक समितिका पदाधिकारी, मेलमिलापकर्ता, जनप्रतिनिधि र कर्मचारीलाई क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ।

२६९. व्यक्ति र समुदायबीच मेलमिलाप र मध्यस्थताको कार्यलाई व्यवहारीक रुपमा प्रभावकारी बनाउदै लगिनेछ।

२७०. न्याय सम्पादन प्रकृयालाई प्रभावकारी बनाउने उद्देश्यले न्यायिक समिति मार्फत स्थलगत बस्तुस्थिति तथा अवस्था बिश्लेषण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

२७१. वडा तथा बस्तिस्तरमा कानूनी साक्षरता तथा न्यायिक सचेतिकरण सम्बन्धि कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ।

२७२. जोखिममा परेका वर्गहरुको खोज, उद्दार पश्चात पुनर्स्थापना नहुदा सम्मका लागि सुरक्षित आवासको ब्यवस्थापनको लागि सुरक्षित आवास गृह **(safe house)** सञ्चालनका लागि ल्याउन पहल गरिनेछ।

२७३. न्यायिक समितिको निर्णयहरु कार्यान्वयन गर्न मौजुदा कानून र आवश्यकताका आधारमा थप कानूनको निर्माण गरी प्रभावकारी कार्यान्वयन गरिनेछ।

२७४. नगरपालिकाको मौजुदा कानूनहरुलाई अध्ययन गरी आवश्यकता र समायानुकूल संशोधन गरी कानून संग्रहको रुपमा प्रकाशित गरिनेछ।

२७५. नगरको विकास निर्माण तथा सेवा प्रवाहमा मितव्ययियिता, पारदर्शिता, वित्तिय अनुशासन, उत्तरदायित्व तथा जवाफदेहिता सुनिश्चितता गरिनेछ। छोटो संचार माध्यम तथा विद्युतिय सूचना प्रणाली मार्फत नगरपालिका तथा मातहतका कार्यालयहरुका महत्वपूर्ण सूचना तथा जानकारीहरु सार्वजनिक गरिनेछ।

२७६. सार्वजनिक जवाफदेहिता प्रबर्द्धन गर्न सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, सर्भेक्षण जस्ता विधि एवम् प्रकृयाको अवलम्बन गरी सार्वजनिकीकरण गर्ने कार्यलाई थप प्रभावकारी बनाउँदै लगिनेछ ।

२७७. नागरिकको सूचना माग्ने, पाउने र प्रसार गर्ने अधिकार सुनिश्चित गरिनेछ।

## उपक्षेत्र २ शान्ति सुरक्षा सुव्यवस्थापन

२७८. नगरपालिका क्षेत्रको शान्ति सुरक्षाको व्यवस्थापनका लागि नगर प्रहरीको क्षमता विकास गरी सुरक्षा निकायको समन्वय गरिनेछ।

२७९. नेपाल प्रहरी, सशस्त्र प्रहरी बल सँगको समन्वयमा लागु औषध दुर्व्यसन नियमनका लागि सरोकारवाला संघसंस्था र आमा समुहको परिचालन गर्ने नीति लिइनेछ।

२८०. प्राकृतिक स्रोतको दोहन नियमन, चोरी डकैती तथा सामाजिक अपराध न्यूनीकरण गर्नका लागि सडक, चोकहरूमा **CCTV** Camera जडान गर्ने र सडक वत्ती व्यवस्थापन गर्ने कार्यलाई प्राथमिकता दिइने छ।

## उपक्षेत्र ३ संगठन तथा क्षमता विकास, जनशक्ति व्यवस्थापन र सेवा प्रवाह

२८१. कर्मचारीलाई कार्य सम्पादन मूल्याङ्कनको आधारमा पुरस्कार र दण्डको व्यवस्था गरिनेछ।

२८२. सामाजिक सुरक्षा कोषमा आबद्ध करार सेवाका कर्मचारीहरुको सामाजिक सुरक्षालाई निरन्तरता दिइनेछ।

२८३. सेवा प्रवाहमा समर्पित कर्मचारी तथा शिक्षकहरुको मनोवललाई उच्च राखी गुणस्तरीय प्रतिफल दिन सक्ने गरी क्षमता विकास योजनामा आधारित तालिम तथा कार्यक्रमको व्यवस्था मिलाइनेछ।

२८४. नागरिक सहायता तथा स्तनपान कक्षको व्यवस्था, ज्येष्ठ नागरिक, असहाय, बिरामी, अपाङ्गता, अशक्तलाई सेवा पहुँचमा सहयोग पुर्याउने व्यवस्था मिलाइनेछ।

२८५. सेवा प्रवाहका हरेक क्षेत्रमा प्रविधिको विकास तथा विस्तार गरी ई-गभरनेन्सलाई निरन्तरता दिइनेछ।

२८६. नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयमा नागरिक वडापत्र व्यवस्थापन र नियमित अध्यावधिक गरिदै लगिनेछ।

२८७. यस नगरपालिका अन्तरगत बसोबास गर्ने विभिन्न क्षेत्रमा विज्ञता प्राप्त व्यक्तिहरुको पहिचान गरी ज्ञान, सिप, क्षमता र अनुभवहरुलाई नगरपालिकाको सर्वाङ्गिण विकासमा पूर्ण उपयोगका लागि विज्ञ समुह गठन गरिनेछ।

२८८. कर्मचारीलाई प्रोत्साहन स्वरुप दिइदै आइएको खाजा खर्चलाई कार्यसम्पादनका आधारमा निरन्तरता दिइनेछ।

२८९. सूचना तथा संचार प्रविधिको उच्चतम प्रयोग गरी सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाइनेछ।

२९०. अफिस अटोमेशन सिष्टम प्रणालीलाई परिष्कृत गरी सेवा प्रवाहलाई छिटो, छरितो, पारदर्शी र सुशासनयुक्त बनाइनेछ।

२९१. नगरपालिकाको कार्यालय तथा सबै वडा कार्यालयहरुमा डिजिटल सूचना पाटी **(Digital Notice Board)** को व्यवस्था गर्दै लगिनेछ।

२९२. नगरपालिका, वडा कार्यालय, स्वास्थ्य चौकी, विद्यालयहरुमा इ-हाजिरी र **CCTV Camera** लाई निरन्तरता तथा नभएका स्थानहरुमा थप जडान गरि सुरक्षित तथा सुशासनयुक्त बनाइनेछ।

२९३. सूचना प्रणालीलाई ब्यवस्थित तथा छिटोछरीतो जनतासम्म सूचनाको सहज पहुँच पुऱ्याउनको लागी सोसियल मिडियाको प्रयोगलाई बढावा दिईनेछ साथै वेब साईट नियमित अपडेट गरिनेछ।

२९४. नगरपालिकाको कार्यालय तथा सबै वडा कार्यालयहरुमा आफ्नै इन्ट्रानेट र नेटवर्किङ्ग सेवा विस्तार गरिनेछ। उक्त सेवालाई क्रमशः सामुदायिक विद्यालयमा पनि विस्तार गर्दै लगिनेछ।

२९५. **Local Server** को क्षमता अभिवृद्धि गरी थप व्यवस्थित गर्दै लगिनेछ।

२९६. विद्युतीय उपकरणहरुको सुरक्षाको व्यवस्थापन मिलाईनेछ।

२९७. सार्वजनिक खरिदलाई व्यवस्थित गर्न वार्षिक खरिद योजना निर्माण गरी स्वीकृत गरेर मात्र खरिद गर्ने गरी खरिद योजना निर्माण गरी लागु गरिनेछ।

२९८. वेरुजु घटाउने र हालसम्म महालेखा परीक्षकको कार्यालयले दिएको लेखापरीक्षण प्रतिवेदनमा तोकेका वेरुजु असुल उपर गर्ने कार्यलाई प्राथमिकतासाथ सम्पादन गरिनेछ।

२९९. निश्चित क्षेत्रको सिकाइका लागि वाहेक गरिने अवलोकन भ्रमणलाई निरुत्साहित गरिनेछ।

३००. विकासका विविध पक्षमा अन्तर तह तथा बहुस्तरीय समन्वय तथा सहकार्यलाई थप प्रभावकारी बनाईनेछ।

## उप क्षेत्र ४ राजश्व तथा आन्तरिक श्रोत परिचालन

३०१. राजश्व नीति तथा प्रशासन सम्वन्धी राजश्व सुधार कार्ययोजनाको प्रभावकारी कार्यान्वयन गरिनेछ।

३०२. आन्तरिक स्रोत अभिवृद्धिका लागि नगरभित्र रहेका सम्भाव्य स्रोतहरुको पहिचान गरी राजश्वको बार्षिक प्रक्षेपण गर्ने कार्यलाई वस्तुगत बनाईनेछ ।

३०३. नगरपालिका क्षेत्र भित्र बसोबास तथा व्यवसाय गरिरहेका सबैलाई करको दायरामा ल्याई करको दायरा विस्तार गर्ने नीति लिइने छ । प्रगतिशील कर प्रणाली अवलम्बन गरी नागरिकहरू विच रहेको असमानता न्यूनीकरण गर्दै लैजाने नीति लिइनेछ ।

३०४. व्यवसाय र घरबहाल कर तिर्नका लागि स्वघोषणा गर्ने नीति ल्याइने छ, यदि स्वघोषणा गरी करको दायरामा नआएमा चलनचल्ती अनुसार करको दायरामा ल्याइने छ ।

३०५. पुँजीगत तथा आर्थिक कारोबारको आधारमा कर निर्धारण गर्ने व्यवस्था लागु गरिनेछ ।

३०६. डिजिटल कर संकलन तथा ई-पेमेन्ट प्रणालीको विकास र कार्यान्वयनमा जोड दिइनेछ ।

३०७. नगरपालिकाको आन्तरिक श्रोतको संकलन र सोबाट हुने खर्चको जानकारी नियमित रुपमा सार्वजनिक गरिनेछ ।

३०८. करदाताको विवरणलाई एकिकृत रुपमा पुर्णतया डिजिटाइजेशन गरिनेछ ।

३०९. अव्यवस्थित बसोबास तथा ऐलानी जग्गामा बसोबास गर्ने नागरिकलाई करको दायरामा ल्याउन बहाल बिटौरी कर संकलन गरिनेछ ।

३१०. टोल विकास संस्थालाई व्यवस्थित बनाउदै लगिनेछ, टोल कार्ड राख्ने व्यवस्था मिलाइनेछ ।

३११. वडा तथा नगर कार्यपालिकाको कार्यालयको आन्तरिक नियन्त्रण प्रणालीको त्रैमासिक अनुगमन गरि प्रतिवेदन गर्ने कार्यलाई थप व्यवस्थित गरिनेछ ।

३१२. खर्चका मापदण्ड, कार्यक्रम/योजना सञ्चालन निर्देशिका/कार्यविधि निर्माण र कार्यान्वयन गर्ने/गराइनेछ ।

३१३. चालु आर्थिक बर्ष भन्दा ५ आर्थिक बर्ष अघि कायम भएको धरौटी मौज्दात रकम मध्ये प्रयोजन सकिएका धरौटीहरुलाई सार्वजनिक सूचना मार्फत फिर्ता लिन आह्वान गर्ने र उक्त अवधिमा पनि फिर्ता हुन नसकेमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन नियम बमोजिम सदरस्याहा गरिनेछ ।

## उपक्षेत्र ५ तथ्यांक प्रणाली, योजना र विकास व्यवस्थापन

३१४. विकास योजना सम्वन्धी खर्च गर्दा योजनाको सर्भे, डिजाइन, लागत अनुमान तथा कार्यक्रम तयार एवम् स्वीकृत भएको सुनिश्चित गर्न चेकलिष्ट तयार गरी रुजु गर्ने व्यवस्था गरिनेछ ।

३१५. कार्यालयको खप्ने जिन्सी सामानहरुको लगत अध्यावधिक गरिनेछ र मर्मत सम्भार गर्नुपर्ने अवस्थाका सामानहरुको मर्मत गरि सञ्चालन गरिनेछ ।

३१६. कार्यालयमा अन्यत्रबाट प्राप्त भएका तथा खरिद गरिएका सम्पूर्ण खप्ने जिन्सी सामानहरुको निगरानी तथा ट्र्याकिङ्ग गर्ने उद्देश्यले सम्पत्ति व्यवस्थापन प्रणाली सफ्टवेयरबाट जेनेरेट हुने युनिक कोडिङ्ग अनुसार अभिलेख राखि सबै वडा कार्यालय तथा शाखा/उपशाखाका कर्मचारीहरुको जिम्मेवारीमा रहेको सम्पत्तिहरुको विवरणको अध्यावधिक कार्यलाई निरन्तरता दिइनेछ ।

३१७. प्रत्येक आर्थिक बर्षमा जिन्सी निरीक्षण गरी प्राप्त प्रतिवेदनका आधारमा व्यवस्थापन गरिदै लगिनेछ ।

३१८. विपद् व्यवस्थापनका लागि आवश्यक सामग्रीहरुको छुट्टै लगत बनाई सामग्रीहरुको सुरक्षित भण्डारका साथै प्रयोग प्रकृया, जिम्मेवारी तोक्ने र भौतिक परीक्षण समेत गरिनेछ ।

३१९. योजनाहरुको आवश्यकताको पहिचान, प्राथमिकीकरण, संचालन तथा मर्मत सम्भार सम्बन्धी कार्यहरुमा अधिकाधिक जनसहभागिता बृद्धि गरी जनस्वामित्व बढाउदै लगिनेछ ।